PLAN INTERNATIONAL

Until we all are equal

# समावेशी तथा गुणस्तरीय शिक्षाका आवाजहरू



नयाँ कक्षाकोठामा रमाउँदै एक छात्र ।

© Plan International / Nischal Shrestha

## प्रकाशनको बारेमा

यो पुस्तकमा प्लान इन्टरनेशनल नेपालले विभिन्न जिल्लामा गुणस्तरिय शिक्षाको पहुँच बढाउन गरिएका पहल र त्यसबाट भएका परिवर्तन र उपलब्धिको चर्चा गरिएको छ। पुस्तकमा राखिएका सामाग्रीमा विद्यार्थी, शिक्षक, स्थानीय तह र सरकारी निकायका प्रतिनिधिहरूको भनाइ समेटिएका छन् ।

पुस्तकमा उल्लेखित विद्यार्थीहरूको अन्तवार्ता र फोटो लिदा उनीहरूको अभिभावक र विद्यालयबाट अनुमति लिइएको छ। साथै, सम्वन्धित निकायका प्रतिनिधिलाई पुस्तक तयार पार्नुको उद्देश्यबारे जानकारी समेत गराइएको छ।

## डिस्क्लेमर:

सर्वाधिकार, सन् २०२४। यस पुस्तकमा राखिएका सामाग्री र फोटोहरूमा प्लान इन्टरनेशनल नेपालको सर्वाधिकार रहनेछ। संस्थाको लिखित अनुमति नलिई सामाग्री वा फोटोको प्रयोग गर्न पाइने छैन। त्यस्तै, स्वीकृति विना पुस्तकको पुर्नप्रकाशन समेत गर्न पाइने छैन।




प्लान इन्टरनेशनल नेपालले सहयोग गरेको डेस्कमा पढ्दै विद्यार्थी ।
© Plan International / Nischal Shrestha

# विषय सूचि

भूमिका १
१ मुहार फेरिएको स्कूल ६
२ विद्यालयमा स्वच्छताले ल्याएको खुशी १०
३ आफ्नो समस्याबारे खुल्दै विद्यार्थीहरू १४
४ सिकाइ आपूरण र द्रुत सिकाइबाट लाभ उठाउँदै विद्यार्थी १८
५ गुणस्तरिय शिक्षाका लागि शिक्षकको क्षमता विस्तार २२
६ बालबालिकाको पढाइमा बढ्दैछ अभिभावकको सक्रियता २६
७ सूचना प्रविधिले बढाएको भरोसा ३०
८ शैक्षिक प्रणालीहरूको सवलीकरण ३४
९ स्टिम शिक्षामा रमाउँदै विद्यार्थी ३८
१० बढ्दैछन् विद्यालय फर्किने बालबालिका ४२



प्रारम्भिक बालविकास कक्षाका एक छात्र ।
© Plan International / Nischal Shrestha

# भूमिका

शिक्षा आधारभूत मानवअधिकार हो । र, दीगो विकासका लागि एउटा महत्वपूर्ण आधारशिला हो । यही वास्तविकतालाई मनन गर्दै नेपालमा हरेक बालबालिकाका लागि गुणस्तरीय र समावेशी शिक्षा सुनिश्चित गर्न प्लान इन्टरनेशनल नेपाल प्रतिवद्ध रहँदै यो लक्ष्य पुरा गर्न नेपाल सरकार र विभिन्न साझेदार संस्थाहरुसँग मिलेर काम गरिरहेको छ । शिक्षा क्षेत्रमा प्लान इन्टरनेशनल नेपालको समर्पण र प्रतिवद्धता मानवअधिकारसम्वन्धि विश्वव्यापी घोषणापत्र १९४८, बालअधिकारसम्वन्धि राष्ट्रसंघीय महासन्धि, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यसम्वन्धि राष्ट्रसंघीय महासन्धि र अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्वन्धि राष्ट्रसंघीय महासन्धिसहितका अन्तराष्ट्रिय घोषणापत्र र प्रतिवद्धताका सिद्धान्तहरु अनुसार तय भएका छन् ।

नेपालसहित विश्वभरका देशहरुले अनुमोदन गरेका यी प्रतिवद्धता र महासन्धिले सबै नागरिकले शिक्षा पाउने अधिकार सुनिश्चित गर्न हामीलाई प्रेरित गरेको छ । यसका साथै सन् २०१५ मा संयुक्त राष्ट्रसंघले अवलम्वन गरेको दीगो विकास लक्ष्यले शिक्षालाई सन् २०३० भित्र पुरा गर्नुपर्ने विकासको वृहत्तर लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण साधनको रुपमा लिएको छ । खासगरी दीगो विकास लक्ष्य-४ मा सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने उल्लेख छ । शिक्षामा बालबालिका र युवाको अधिकार प्रवर्द्धनमा विश्वव्यापी रुपमा महत्वपूर्ण प्रगति भएपनि सबैभन्दा विपन्न समुदायमा पुग्नु निकै चुनौतीपूर्ण देखिएको छ । नेपालको सन्दर्भमा हाम्रो ध्यान आधारभूत तहको शिक्षामा बालबालिकाको पहुँच स्थापित गर्नेमा मात्र सीमित छैन । प्लान इन्टरनेशनल नेपालले सबै अवस्थामा लैङ्गिक रुपान्तरणमुखी अवधारणामार्फत् गुणस्तरीय शिक्षा अभिवृद्धि गर्दै सबै उमेर समूहका व्यक्तिका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु निर्माणको ध्येय राखेको छ ।

शिक्षामा समताको सवाल हाम्रा कार्यक्रम र परियोजनाका मुख्य ध्येय हुन् । अनुसन्धानहरुले शिक्षा क्षेत्रमा विश्वव्यापी रुपमा लैङ्गिक असमानताहरु विगतको तुलनामा घट्दै गएको देखाएपनि खासगरी द्धन्द्धबाट प्रभावित भएका, बहिष्करणमा परेका र पछाडि पारिएका समुदायका बालिका र किशोरीहरुले अझै पनि निकै अवरोधहरु सामना गरिरहेका छन् । ती बालिका र किशोरीहरुले विद्यालयमा भर्ना हुने, विद्यालयमा रहने वा अनौपचारिक शिक्षाबाट आफ्नो शैक्षिक आवश्यकता पुरा गर्ने सम्भावना कम देखिन्छ । नेपालमा हामीले यस्तै चुनौती सम्वोधन गर्न बालिका र किशोरीको शिक्षालाई सहयोग पुग्ने, लैङ्गिक हिंसा हटाउने र लैङ्गिक समानता प्रवर्द्धन गर्ने गरी लक्षित कार्यक्रमहरु कार्यन्वयन गरिरहेका छौं । समावेशी शिक्षामा हाम्रो प्रतिवद्धताको अर्थ कुनै पनि भेदभावबिना अपाङ्गता भएका बालबालिका लगायत सबै बालबालिकाको समान पहुँच अभिबृद्धि गरी उनीहरुको सिकाइ निरन्तरतामा योगदान पुर्‍याउनु हो । तर वास्तविकता अलि भिन्न देखिन्छ अर्थात् ठूलो संख्यामा अपाङ्गता भएका बालबालिकाहरु विद्यालय बाहिर छन् भने विद्यालय गइरहेका बालबालिकाहरुको समेत अर्थपूर्ण सहभागिता हुन सकेको छैन् । सिकाइका लागि उनीहरुले विभिन्न अवरोधको सामना गरिरहेका छन् ।

प्राकृतिक विपद् र सशस्त्र द्धन्द्धसहितका मानवीय संकटले शिक्षा क्षेत्रमा विश्वव्यापी रुपमै थप चुनौती निम्त्याएका छन् । भूकम्प र अन्य प्राकृतिक विपद्का घटनाहरुले नेपालमा पनि शिक्षा क्षेत्रका अवरोधलाई हटाई विपद्को समयमा पनि पठनपाठनलाई सुचारु गर्नका लागि चाहिने सवल शैक्षिक प्रणालीको महत्वलाई उजागर गरेका छन् । त्यसैले हामीले संकटको समयमा शिक्षालाई निरन्तरता दिनका लागि आपत्कालिन पूर्व तयारी र प्रतिकार्य योजना निर्माण गर्न स्थानीय समुदाय र नेपाल सरकारसँग निकट भई काम गरिरहेका छौं । यी चुनौतीका बाबजुद नेपालमा हरेक बालबालिकाका लागि गुणस्तरीय र समावेशी शिक्षा सुनिश्चित गर्ने हाम्रो संकल्प अटल रहिआएको छ । कुनै पनि पृष्ठभूमि वा अवस्थाका बालबालिकाका लागि सुरक्षित र संरक्षित वातावरणमा, हुर्कने, सिक्ने र उनीहरुको पूर्ण सामर्थ्यको प्रयोग गर्ने अवसर दिलाउन आवश्यक शैक्षिक वातावरण निर्माण आपसी सहकार्य, समन्वय, नवप्रर्वतन र दृढ प्रतिवद्धतामार्फत् गर्न सकिन्छ भन्नेमा हामी विश्वस्त छौं । हाम्रा साझेदार संस्थाहरु र सरोकारवाला निकायसँगै प्लान इन्टरनेशनल नेपाल साँचो अर्थमा सबैका लागि समावेशी र समतामूलक शिक्षा सुनिश्चित गरी नेपालको शैक्षिक क्षेत्रको रुपान्तरणका लागि प्रतिवद्ध छ । तसर्थ, नेपालका बालबालिकाको उज्वल भविष्य निर्माण गर्ने ध्येयसहितको यो महत्वपूर्ण अभियानमा हामीसँगै अघि बढ्न सबैमा हार्दिक आव्हान गर्दछौं ।

भवदीय,
**राम किसन**
राष्ट्रिय निर्देशक, प्लान इन्टरनेशनल नेपाल

१

# मुहार फेरिएको स्कूल



कक्षाकोठामा शिक्षकले प्रश्न गर्दा जवाफ दिनका लागि हात उठाएर संकेत गर्दै एक छात्रा ।
© Plan International / Nischal Shrestha

नयाँ कक्षाकोठासँगै विद्यालयमा नयाँ शौचालय र आरामकक्ष बनेपछि विशेषगरी छात्राहरु निकै खुशी छन् । कक्षा १० मा अध्ययनरत छात्रा सजिना भन्छिन्-“विद्यालयको एउटा कोठामा किशोरीहरुलाई आराम गर्ने कक्ष बनाइएको छ, महिनावारीको समयमा केही समस्या भयो भने अब हामी यही कक्षमा बस्न पाउने भएका छौं ।” यसअघि आराम कक्ष नहुँदा महिनावारी हुँदा बीचमै पढाइ छाडेर घर फर्किनुपरेको बाध्यता सुनाउँदै उनले भनिन्-“अहिले त हामी किशोरीलाई निकै सजिलो भएको छ, महिनावारीको बेला यहाँका शिक्षकहरु समेत हाम्रो शारिरीक तथा मानसिक अवस्थाप्रति संवेदनशील हुनुहुन्छ, आराम कक्षमा स्यानिटरी प्याड पनि उपलव्ध छ । सजिनाका अनुसार प्रयोग गरिएका प्याडलाई विसर्जन गर्न नयाँ शौचालयभित्र मेसिन राखिएको छ । शौचालय किशोरीमैत्री बनेकोमा खुशी व्यक्त गर्दै उनी भन्छिन्-“स्कूलमा नयाँ शौचालय बनेपछि सुविधा भएको छ । जथाभावी प्याड फ्याकेर फोहोर गर्ने अवस्था अब बन्द भयो, जसबाट विद्यालयको वातावरण समेत सफासुग्घर भएको छ ।”

सजिना जस्तै विद्यालयको मुहार फेरिएपछि विद्यार्थीहरु उत्साहित भएका छन् । नयाँ भवनसँगै निर्माण गरिएका विभिन्न संरचनाले विद्यालयको समग्र सिकाइ वातावरणमा व्यापक परिवर्तन भएको प्रत्यक्ष अनुभव विद्यार्थीहरुले गरिरहेका छन् ।

विद्यालयमा सजिनासँग एउटै कक्षामा अध्ययनरत छात्र नवीन भन्छन्-“पहिला खानेपानीका लागि स्कूलबाट टाढाको खोला वा इनारसम्म पुग्नु पर्दथ्यो, अहिले हाम्रै स्कूलमा स्वच्छ पानी पिउन पाएका छौं ।” विद्यालयमा पानी प्रसोधन गर्ने फिल्टरसहित पिउने पानीको व्यवस्था गरेपछि त्यसबाट लाभान्वित नवीन सम्झिन्छन्- “पिउने पानी नहुँदा स्कूल छाडेर जानु पर्दथ्यो, अहिले निकै सहज भएको छ । यो विद्यालयमा पिउने पानीको प्रवन्ध मात्र होइन, अन्य धेरै परिवर्तन भएको छ ।”



**स्कूलमा नयाँ शौचालय बनेपछि सुविधा भएको छ । जथाभावी प्याड फ्याकेर फोहोर गर्ने अवस्था अब बन्द भयो, जसबाट विद्यालयको वातावरण समेत सफासुग्घर भएको छ ।**

**- सजिना, विद्यार्थी**



**पिउने पानी नहुँदा स्कूल छाडेर जानुपर्दथ्यो, अहिले निकै सहज भएको छ । यो विद्यालयमा पिउने पानीको प्रवन्ध मात्र होइन, अन्य धेरै परिवर्तन भएको छ ।**

**- रोशन, विद्यार्थी**



विद्यालयमा नवनिर्मित धारामा पानी पिउँदै विद्यार्थी।
© Plan International / Nischal Shrestha



कक्षाकोठामा खेलौना प्रयोग गरेर पढ्दै विद्यार्थी।
© Plan International / Nischal Shrestha

प्लान इन्टरनेशनल नेपालको सहयोग तथा ह्यान्डस नेपालको साझेदारी र मरिण गाउँपालिकाको समन्वयमा विद्यालयमा ६ कोठे नयाँ भवन निर्माण गरिएको हो। नयाँ भवनसँगै विद्यालय परिसरमा सरसफाइ र स्वच्छता कायम राख्न खानेपानीको व्यवस्था, शौचालय, आराम कक्ष तथा हरित बगैंचासहित संरचना बनेका छन्।

विद्यालय परिसरमा बगैंचा बनेपछि स्वच्छ र मनोरम वातावरणमा रमाउन पाउँदा विद्यार्थी खुशी देखिन्थे। सजिनाका अर्का सहपाठी रोशनले भने-"हाम्रो स्कूलमा अहिले थुप्रै नयाँ संरचना बनेका छन्, मलाई चाहि बंगैचा एकदमै मन परेको छ, हामीले वृक्षरोपण गरेर धेरै थरीका फुल फुलाएका छौं।" बंगैचाका कारण विद्यालयको वातावरणमा नयाँपन थपिएको उनले बताए। उनले थपे-"बगैंचाले गर्दा हामीलाई विद्यालयमा आउआउ जस्तो हुनुका साथै रमाइलो पनि महसुस हुन्छ, त्यतिमात्र होइन, वातावरण संरक्षणको महत्व समेत बुझ्न पाएका छौ।"

विद्यालयको नयाँ भवनमा प्रारम्भिक बालविकास (इसिडी) का लागि छुट्टै कोठाका साथै साना बालबालिकाका लागि विभिन्न खेल तथा सिकाइ सामाग्रीको व्यवस्था गरिएको छ। सजिनाको विद्यालयकी इसिडी शिक्षका रामकुमारी ब्लोनले भनिन्-"बालविकास शिक्षिकको दृष्टिले मैले फरक देखेकी छु। कक्षाकोठा निकै राम्रा भएका छन्, चारैतिर उज्यालो छ, भित्ते लेखन र टेलिभिजन समेत कक्षाकोठामा हुँदा विद्यार्थीलाई पढाउन र सिकाउन निकै सजिलो भएको छ।"

बालबालिकाका लागि खेलकुदका सामाग्रीबाट उनीहरुलाई खेल्दै सिक्ने वातावरण बनेको छ। शिक्षिक ब्लोनले थपिन्- "कक्षाकोठामा साना विद्यार्थीलाई पजल मिलाउन, शब्द कोर्न, भिन्न रंगहरुमा चित्र कोर्न सिकाउन सजिलो भएको छ, उनीहरु रमाएर कक्षामा आउने गरेका छन्।" प्रारम्भिक बालविकासका लागि छुट्टै कक्षा र सामाग्रीको व्यवस्था भएपछि विद्यालयमा आउने विद्यार्थीको संख्या बढेको उनले बताइन्।

विद्यालयमा विद्यार्थीका लागि अपांगतामैत्री र बालमैत्री शैक्षिक सामग्रीयुक्त कक्षाकोठा बनेका छन्। खानेपानी, सरसफाइ र स्वच्छताको अवधारणा अनुसार उनीहरुलाई सुविधा प्रदान गर्न यस प्रकारका व्यवस्था गरिएको छ।



**बालविकास शिक्षकको नाताले मैले फरक देखेकी छु। कक्षाकोठा निकै राम्रा भएका छन्, चारैतिर उज्यालो छ, भित्ते लेखन र टेलिभिजन समेत कक्षाकोठामा हुँदा विद्यार्थीलाई पढाउन र सिकाउन निकै सजिलो भएको छ।**

**- रामकुमारी ब्लोन, शिक्षक**





**भुकम्प र आगलागी जस्ता घटना भएमा कसरी बच्न सकिन्छ भनेर विद्यार्थी, शिक्षक र नजिकैको समुदायलाई सिकाएका छौं, त्यसका लागि कृत्रिम घटना तथा सुरक्षित रहने अभ्यास लगायत कार्यक्रम गर्ने गरिएको छ।**

**- नेमबहादुर बम्जन, प्रधानाध्यापक**

विद्यार्थी र शिक्षक दुवैलाई विपद् जोखिम न्यूनिकरणबारे अवगत गराउन पहल भएको छ। विद्यालयमा विपद् व्यवस्थापन समिति गठन गरिएको छ। विद्यालयका प्रधानाध्यापक नेम बहादुर बम्जनले विपद् जोखिम न्यूनिकरणका लागि विद्यालयमा विभिन्न कार्यक्रम गर्न थालिएको बताए। उनले भने-विशेष त भुकम्प र आगलागी जस्ता घटना भएमा कसरी बच्न सकिन्छ भनेर विद्यार्थी, शिक्षक र नजिकैको समुदायलाई सिकाएका छौ, त्यसका लागि कृत्रिम घटना तथा सुरक्षित रहने अभ्यास लगायत कार्यक्रम गर्ने गरिएको छ।

**जब ६ कोठे भवन निर्माण भयो, विद्यार्थीहरूलाई गुणस्तरिय शिक्षा प्रदान गर्न सकिन्छ भन्ने हाम्रो आत्मविश्वास नै बढाएको छ, किनभने भवन मात्र नयाँ बनेको छैन, समग्र शैक्षिक गतिविधिमै सुधार भएका छन्।**

**- सागर थिङ, अध्यक्ष**



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सागर थिङ भन्छन्-"जब ६ कोठे भवन निर्माण भयो, विद्यार्थीहरुलाई गुणस्तरिय शिक्षा प्रदान गर्न सकिन्छ भन्ने हाम्रो आत्मविश्वास नै बढाएको छ, किनभने भवनमात्र नयाँ बनेको छैन, समग्र शैक्षिक वातावरणमै सुधार भएको छ।"

अध्यक्ष थिङले बालबालिकालाई सिकाउने विधि तथा नयाँ-नयाँ रचनात्मक अभ्यास गराउनका लागि सहयोग प्राप्त भएकोमा खुशी व्यक्त गरे। विद्यालयको शैक्षिक अवस्था सुधार गर्न सबै पक्षको समन्वयमा अघि बढ्ने भन्दै उनले भने- "हरियाली बगैचा र रंगीचंगी फुलबारी" बनाएर विद्यालय प्रांगणलाई थप सुन्दर बनाउने योजना छ, यसबाट शैक्षिक गतिविधि सुधारका लागि भौतिक वातावरण निर्माण हुने अपेक्षा छ।" शैक्षिक वातावरण फेरिएपछि पहिलाको तुलनामा छात्राहरुले विद्यालय छोड्ने दरमा कमी आएको छ। प्रधानाध्यापक बम्जनले भने- "विद्यालयमा बाल, लैङ्गिक तथा अपागंतामैत्री भौतिक संरचना निर्माण र सिकाइ सुविधामा सुधार भएपछि अब गुणस्तरिय शिक्षाका लागि अघि बढ्न सकिन्छ भन्ने आत्मविश्वास र सोच सबै शिक्षक र विद्यालय व्यवस्थापन समितिमा देखिएको छ।"

## सिकाइ वातावरण व्यवस्थित गर्न सहयोग

प्लान इन्टरनेशनल नेपालले विद्यालयहरुमा सिकाइ वातावरण व्यवस्थित र सुदृढ गर्न विभिन्न प्रकारको सहयोग गरेको छ। गत तीन वर्षयताको मात्रै तथ्याकंलाई हेर्दा यो संस्थाको सहयोगबाट २० वटा विद्यालयमा ७६ वटा नयाँ कक्षाकोठा निर्माण गरिएका छन्। त्यस्तै, २३६ वटा विद्यालयमा फर्निचर, बुक कर्नर, सिकाइ सामाग्री निर्माणका लागि सहयोग पुगेको छ। ती विद्यालयमा स्वच्छ खानेपानीको प्रवन्ध मिलाउनुको साथै १६५२ वटा हातधुने स्टेशन निर्माण भएका छन्। १०४ वटा विद्यालयमा छात्रछात्राका लागि छुट्टै शौचालय बनाइएको छ भने ७६ वटा विद्यालयमा खानेपानी, सरसफाइ तथा महिनावारी स्वच्छता व्यवस्थापनका लागि आवश्यक संरचना मर्मत सम्भार गरिएको छ।

# २

# विद्यालयमा स्वच्छताले ल्याएको खुशी



विद्यालयमा व्यवस्था गरिएको हात धुने स्टेशन प्रयोग गर्दै एक छात्रा ।
© Plan International / Nischal Shrestha

महिनावारी हुनु स्वभाविक शारिरीक चक्र हो भन्ने थाहा भएपनि विद्यालयमा छँदा कक्षा ९ मा अध्ययनरत गरिमा निकै चिन्तित हुन्थिन्, उनको मनमा अनेक कुरा खेल्थे । महिनावारीको समयमा पेट दुख्दा होस् वा टाउको दुख्दा बीचमै पढाइ छाडेर घर फर्किनुपर्ने समस्या उनले भोग्दै आएकी थिइन् । आफ्नो समस्याबारे अरुलाई बताउन गरिमालाई सहज हुँदैन थियो । तर अहिले त्यो परिस्थिति फेरिएको छ । उनलाई अब भने महिनावारीको समयमा कक्षा छुट्ला भन्ने चिन्ता छैन । १५ बर्षीया गरिमाले भनिन्- “महिनावारी हुँदा विद्यालय आउन निकै अप्ठेरो हुन्थ्यो, प्याड फेर्नका लागि विद्यालयमा सुरक्षित स्थान थिएन, अब भने त्यस्तो चिन्ता हटेको छ ।”

विद्यालय परिसरमा आराम गर्ने छुट्टै कक्ष बनेपछि किशोरीलाई महिनावारी भएका बेला पढाइ छाडेर घर जानुपर्ने बाध्यता अन्त्य भएको हो । उनी भन्छिन्-“अहिले त महिनावारी हुँदा पेट दुख्यो भने वा अन्य समस्या आयो भने हामी छुट्टै आराम कक्षामा बस्न पाएका छौं, त्यति मात्र होइन, स्यानिटरी प्याड डिस्पोज गर्ने ठाउँ पनि शौचालय नजिकै बनेको छ ।” महिनावारी स्वच्छताका लागि प्लान इन्टरनेशनल नेपालको सहयोगमा निर्माण भएका संरचनाले किशोरीहरु लाभान्वित भएसँगै पठनपाठनमा समेत सुधार आएको छ । गरिमाकी शिक्षक लक्ष्मी कोइरालाले भनिन्-“किशोरीहरुमा महिनावारीको डर हराउन थालेको छ, केही समस्या हुने वित्तिकै हामीलाई जानकारी गराउने गरेका छन्, उनीहरुलाई बस्न छुट्टै कक्ष भएकाले निकै सजिलो भएको छ ।” शिक्षक कोइरालाले महिनावारी व्यवस्थापन विद्यालयमा भएपछि छात्राहरु निर्धक्क भएर कक्षामा पढ्न थालेका छन् ।



अहिले त महिनावारी हुँदा पेट दुख्यो भने वा अन्य समस्या आयो भने हामी छुट्टै आराम कक्षामा बस्न पाएका छौं, त्यति मात्र होइन, स्यानिटरी प्याड डिस्पोज गर्ने ठाउँ पनि शौचालय नजिकै बनेको छ ।

– गरिमा, विद्यार्थी



विद्यालयमा बनाइएको आराम कक्षमा आराम गर्दै छात्रा।
© Plan International / Nischal Shrestha



विद्यालयमा नवनिर्मित धारामा हात धुदै विद्यार्थी ।
© Plan International / Nischal Shrestha

र स्वच्छताका लागि अपनाउनुपर्ने विधिबारे जानकारीमूलक विभिन्न सामाग्री समेत राखिएका छन् । गरिमाकी विद्यालयमा कार्यरत नर्स जेनी बिष्टले भनिन्-"महिनावारी भएका बेला छुट्टै कक्षमा बस्दा किशोरीहरुलाई सहज भएको छ, त्यहाँ राखेका सामाग्री पढेर उनीहरुले महिनावारी स्वच्छताबारे सिक्ने मौका पनि पाएका छन् ।"



**- जेनी बिष्ट, नर्स**

प्लान इन्टरनेशनल नेपालले महिनावारी स्वच्छताका साथै खानेपानी, सरसफाइ र स्वच्छताका लागि विद्यालयमा अन्य संरचना बनाउन समेत सहयोग गरेको छ । विद्यालय परिसरमा छात्रछात्राका लागि लैङ्गिक मैत्री सुविधासहित शौचालय र धारा निर्माण गरिएका छन् । यी संरचना बनेपछि अभिभावकहरुले आफ्ना बालबालिकाले निजी विद्यालयकै जस्तो सुविधा पाएकोमा खुशी व्यक्त गरेको विद्यालयको भनाइ छ । गरिमाकी छात्राहरुलाई महिनावारी हुँदा आउन सक्ने समस्याबारे जानकारी गराएकाले उनीहरुले सहज महसुस गरेका छन् । उनीहरुका लागि बनाइएको कक्षमा महिनावारी व्यवस्थापन



**किशोरीहरूमा महिनावारीको डर हराउन थालेको छ, केही समस्या हुने वित्तिकै हामीलाई जानकारी गराउने गरेका छन्, उनीहरूलाई बस्न छुट्टै कक्ष भएकाले निकै सजिलो भएको छ ।**

**- लक्ष्मी कोइराला, शिक्षक**



**हाम्रो स्कूलमा खानेपानीका लागि व्यवस्थित धारा, शौचालय बनेपछि विद्यार्थीहरू निकै खुशी भएका छन्, अभिभावक पनि खुशी भएका छन्, अब हामीलाई विद्यार्थीको पठनपाठनमा सुधार गर्न सकिन्छ भन्ने लागेको छ ।**

**- रत्नसिंह सावद, प्रधानाध्यापक**

विद्यालयका प्रधानाध्यापक रत्नसिंह सावदले भने-"हाम्रो द्यिालयमा खानेपानीका लागि व्यवस्थित धारा, शौचालय बनेपछि विद्यार्थीहरु निकै खुशी भएका छन्, अभिभावक पनि खुशी भएका छन्, अब हामीलाई विद्यार्थीको पठनपाठनतिर ध्यान केन्द्रित गर्न सकिन्छ भन्ने लागेको छ ।





**- तपेन्द्र, विद्यार्थी**

सोही विद्यालयमा अध्ययनरत छात्र तपेन्द्रले भने-"पहिला हाम्रो विद्यालयमा शौचालय त्यति राम्रो थिएन, शौचालय जानै नपरे हुन्थ्यो जस्तो लाग्थ्यो, अहिले भने छात्र र छात्राका लागि छुट्टै शौचालय भएपछि हामी निकै खुशी छौं ।" विद्यालयमा नयाँ धारासहित पिउने पानीको व्यवस्था गरिएकोमा सहयोगीहरुप्रति आभारी छौं ।



विद्यालयमा भर्खरै बनेको अपाङ्गतामैत्रीको शौचालय र धारा ।
© Plan International / Nischal Shrestha

## खानेपानी, सरसफाइ र स्वच्छता तथा महिनावारी स्वच्छतामा प्लान इन्टरनेशनल नेपालको सहयोग

प्लान इन्टरनेशनल नेपालले साझेदार संस्थाहरु र विद्यालयहरुको समन्वयमा आफ्नो कार्यक्षेत्र रहेका जिल्लाका सामुदायिक विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता तथा महिनावारी स्वच्छतासम्वन्धि सुविधा उपलव्ध गराउन सहयोग गर्दै आएको छ । यसका लागि छात्रछात्रालाई छुट्टै शौचालय, अपांगता भएका बालबालिकाका लागि छुट्टै शौचालय, पिउने पानीको सुविधा, बालमैत्री हात धुने स्टेशन, किशोरीका लागि आराम कक्ष र स्यानिटरी प्याड डिस्पोजका लागि ठाउँ बनाइएको छ ।

यसै क्रममा प्लान इन्टरनेशनल नेपालले जुलाई २०२० देखि जून २०२३ सम्म विभिन्न जिल्लाका विद्यालयमा स्वच्छता र सरसफाइमा सुधारका लागि १६५२ वटा हात धुने स्टेशन, छात्र र छात्राका लागि छुट्टै व्यवस्था सहितको १०४ वटा शौचालय निर्माणमा सहयोग गरेको छ । त्यस्तै, २४३ वटा विद्यालयमा पानीको ढल निकास प्रणाली र अपांगता भएका बालबालिकाका लागि ५५ वटा शौचालय निर्माणमा सहयोग गरिएको छ । यसका साथै २०० भन्दा बढी विद्यालयका ४२३ वटा कक्षाकोठामा खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वास्थ्य व्यवस्थापनसम्वन्धि सुविधाहरु मर्मत गरिएका छन् ।

३



# आफ्नो समस्याबारे खुल्दै विद्यार्थीहरू

गुनासो पेटिकामा आफ्नो समस्या लेखेर राख्दै एक छात्रा ।
© Plan International / Nischal Shrestha

धनुषाको विद्यालयकी अंग्रेजी शिक्षक रश्मी गुप्तालाई विद्यालयले थप जिम्मेवारी दिएको छ । उनले विद्यालयमा गठन गरिएको गुनासो सुनुवाइ समितिमा समेत आवद्ध भएर काम गरिरहेकी छन् । गुप्तालाई समितिको सदस्य सचिवको जिम्मेवारी दिइएको छ । यो जिम्मेवारी अनुसार उनले कक्षाकोठाभित्र मात्र नभई बाहिर पनि विद्यार्थीका विभिन्न समस्याबारे सुन्ने र उनीहरुलाई आवश्यक सहयोग गर्ने गरेकी छन्  । उनले भनिन्-"खासगरी छात्राहरुलाई अन्य विद्यार्थीले जिस्काउने, होच्याउने जस्ता गलत व्यवहार गरिरहेका हुन्छन्, कक्षाकोठामा होस् वा खेल्ने समय र खाजा खाने समयमा उनीहरुले त्यस्ता समस्या भोग्ने गरेका छन् ।" गुप्ताले थपिन्-"अहिले हामीले यस्तो दौतरीबीचमा हुने बुलिङलाई सम्वोधन गर्न थालेका छौं, आफूमाथि हुने दुर्व्यवहारबारे बताउन नचाहने विद्यार्थीले पनि अहिले उजुरी गर्न थालेका छन् ।"

प्लान इन्टरनेशनल नेपालको सहयोगमा विद्यालयमा विद्यार्थीहरुका तर्फबाट आफूमाथि हुने दुर्व्यवहारका घटना र अन्य बिषयबारे उजुरी गर्ने "गुनासो सुनुवाइ संयन्त्र" लाई कार्यान्वयनमा ल्याउन सहयोग गरिएको छ । शिक्षक गुप्ताले भनिन्-"विद्यार्थीहरुलाई अरुले गलत व्यवहार गर्दा कसरी उजुरी गर्ने, त्यो उजुरीलाई कसरी समाधान गरिन्छ र विद्यालयमा उनीहरुलाई सुरक्षित राख्न कस्तो खालको विधि अपनाइन्छ भनेर जानकारी दिने गरिएको छ ।" विद्यार्थीहरु आफूलाई परेको समस्या सिधै प्रधानाध्यापक वा शिक्षकलाई भन्न लजाउने भएकाले उजुरी संकलन गर्ने व्यवस्था गरिएको हो । कतिपय अवस्थामा छात्राहरुमाथि हुन सक्ने लैङ्गिक हिंसाको समस्या समाधान गर्नु निकै महत्वपूर्ण हुने भएकाले त्यसै अनुरुपको उजुरी वा सुझाव दिन सक्ने व्यवस्था गरेका छौं ।

उनले भनिन्- "उजुरी कुनै विद्यार्थीसँग मात्र नभई शिक्षकसँग समेत सम्वन्धित हुन सक्छन् । त्यसैले हामीले विद्यार्थीका अलावा शिक्षकहरुलाई पनि विद्यार्थी सुरक्षित राख्ने र सम्भावित हिंसा न्यूनिकरणको उपायबारे अवगत गराएका छौ ।"

**गुनासोलाई सम्वोधन गर्ने क्रममा हामीले गोपनियता अपनाएका छौं र त्यसका लागि प्लान इन्टरनेशनल नेपालले हामीलाई सिकाएको बाल संरक्षण नीतिका मापदण्डहरूलाई लागू गरेका छौं ।**

**- राजदेव यादव, प्रधानाध्यापक**





**अहिले हामीले यस्तो दौतरीबीचमा हुने बुलिङलाई सम्वोधन गर्न थालेका छौं, आफूमाथि हुने दुर्व्यवहार बारे बताउन नचाहने विद्यार्थीले पनि अहिले उजुरी गर्न थालेका छन् ।**

**- रश्मी गुप्ता, शिक्षक**

उजुरी संकलनका लागि विद्यालयको तर्फबाट विद्यार्थीहरुसँगै छलफल गरेर उनीहरुलाई गोप्य तरिकाले उजुरीपत्र हाल्न सक्ने सहज स्थानमा सुझाव पेटिका राख्ने व्यवस्था मिलाइएको छ । विद्यार्थीहरुले मौखिक रुपमा खुलेर राख्न नसकेका आफ्ना गुनासा तथा सुझावहरु लेखेर उक्त सुझाव पेटिकामा राख्ने गरेका छन् । त्यसरी संकलित गुनासोबारे विद्यालयमा गठित गुनासो सुनुवाई समितिमा  गहन छलफल गरेर त्यसलाई सम्वोधन गर्ने गरिएको प्रधानाध्यापक राजदेव यादवले बताए  । उनले भने-"गुनासोलाई सम्वोधन गर्ने क्रममा हामीले गोपनियता अपनाएका छौं र त्यसका लागि प्लान इन्टरनेशनल नेपालले हामीलाई सिकाएको बाल संरक्षण नीतिका मापदण्डहरुलाई अवलम्बन गरेका छौं ।

बाल संरक्षण नीतिमा विद्यार्थीहरुले गुनासो गरेको बिषयलाई गोप्य तरिका अपनाएर सम्वोधन गर्ने, उजुरी गर्ने विद्यार्थीको नाम गोप्य राख्ने लगायत बिषयलाई महत्व दिइएको छ ।" विद्यार्थीहरुका गुनासालाई सम्वोधन गर्न गोपनियता कायम हुन नसकेमा विद्यार्थीलाई थप आघात वा मनोवैज्ञानिक असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी गुनासो सुनुवाइ समितिले काम गरिरहेको उनको भनाइ छ ।

विद्यालयका छात्राहरुलाई महिनावारीको समयमा विभिन्न समस्या पर्न सक्छन् । महिनावारी हुँदा उनीहरुको स्वास्थ्यमा आउन सक्ने परिवर्तन, त्यसले पार्ने असर तथा महिनावारीका बेलामा रगत बगेर कपडामा लाग्दा अन्य विद्यार्थीले जथाभावी टिप्पणी वा गलत भाषा प्रयोग गरेर जिस्काउने जस्ता घटना विद्यालयमा हुन सक्ने देखिएको छ । त्यसैले छात्राहरुलाई त्यस्तो समस्या आउँदा बोलेर प्रतिकृया जनाउन नसकेको खण्डमा गुनासो वा सुझाव पेटिकामा आफूले भोगेको समस्याबारे लेखेर जानकारी गराउन भनिएको छ । शिक्षक गुप्ताले भनिन्-"आवश्यकता अनुसार उनीहरुलाई सेनेटरी प्याड उपलब्ध गराउने गरेका छौं । महिनावारी नियमित प्राकृतिक चक्र भएको र यो बेलामा अपनाउनुपर्ने स्वच्छता विधिबारे पनि उनीहरुलाई जानकारी गराइरहेका छौं ।"



**हामीलाई कुनै समस्या भएमा उजुरी गर्छौं, विद्यालयको तर्फबाट हाम्रो गुनासो सम्वोधन भइरहेको छ ।**

**- किरण, विद्यार्थी**



कक्षामा शिक्षकको कुरा रुचिपूर्वक सुन्दै विद्यार्थी ।
© Plan International / Nischal Shrestha

सुझाव पेटिका राखेर विद्यार्थीहरुको सुझाव वा समस्या सुन्न थालेपछि विद्यालयमा परिवर्तन देखिन थालेको छ । विद्यार्थीहरुले आफुलाई कसैले जिस्काएको, होच्याएको, अपशव्द बोलेकोबारे लेखेर गोपनियतापूर्ण ढंगबाट बताउन थालेका छन् । आफ्ना समस्या सुझाव पेटिकामा राख्न नसक्ने वा नचाहने विद्यार्थीले भने शिक्षकलाई भेटेरै आफ्नो समस्या बताउने गरेका छन् । यसरी पहिला आफूलाई परेको समस्याबारे कसैलाई भन्न नसक्ने विद्यार्थी खासगरी छात्राहरुले उजुरी गर्ने क्रम बढेको छ । कक्षा ८ मा अध्ययनरत किरणकुमारीले भनिन्-"हामीलाई कुनै समस्या भएमा उजुरी गर्छौं, विद्यालयको तर्फबाट हाम्रो गुनासो सम्वोधन भइरहेको छ ।"

बालबालिकाको सहभागितामा बाल संरक्षण नीति बनिसकेपछि र गुनासो सुनुवाइ संयन्त्रको स्थापना र कार्यान्वयनबारे जानकारी पाएपछि विद्यार्थीहरुले निर्धक्क भएर आफ्नाो कुरा राख्न थालेको प्रधानाध्यापक यादवको भनाइ छ । गुनासो सम्वोधन गर्दा छात्रछात्रामा भेदभाव नगरिएको भन्दै उनले भने-"विद्यार्थीहरु खुशी भएर विद्यालय आउन थालेका छन्, विद्यार्थीलाई भयरहित वातावरणमा पढाउन सकिएको छ ।"


विद्यालय परिसरमा खेल्दै र रमाउँदै विद्यार्थी ।
© Plan International / Nischal Shrestha

## बाल संरक्षण नीति र आचारसंहिता निर्माणमा संस्थाको सहयोग

प्लान इन्टरनेशनल नेपालले आफ्ना कार्यक्रम सञ्चालन भएका विद्यालयमा बाल संरक्षण नीति वा आचारसंहिता निर्माण गर्न सहयोग गर्दै आएको छ । संस्थाले विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघका प्रतिनिधि तथा अन्य सरोकारवालाको सहभागितामूलक र सम्वादमूलक प्रक्रियामार्फत् ती नीति र आचारसंहिता तयार पार्न सहजीकरण गर्दै आएको हो । प्लान इन्टरनेशनलले तीन बर्षको अवधिमा ४ सय ६० भन्दा बढी विद्यालयमा बाल संरक्षण नीति वा आचारसंहिता तयार पार्न सहयोग गरेको छ ।

यसका साथै विद्यालयमा गुनासो सुनुवाई संयन्त्र स्थापना र सुदृढीकरणमा सहयोग गरिएको छ । विद्यार्थी, शिक्षक, बाल संरक्षण वा लैङ्गिक सवाल हेर्ने फोकल पर्सन लगायतको परामर्शमा विद्यालय परिसरको उपयुक्त स्थानमा गुनासो/सुझाव पेटिका राख्ने व्यवस्था गरिएको छ । उजुरी वा गुनासोसम्वन्धि समिति बनाएर विद्यालयमा विद्यार्थीहरुका चासो तथा सुझावको विश्लेषण आवधिक रुपमा गर्दै त्यसलाई सम्वोधन गर्ने गरिएको छ ।

# ४

# सिकाइ आपूरण र द्रुत सिकाइबाट लाभ उठाउँदै विद्यार्थी



कक्षाकोठा बाहिर रमाउँदै दुई जना छात्र ।
© Plan International / Nischal Shrestha

"कोरोना महामारीका कारण विद्यार्थीको पठनपाठन नराम्ररी विथोलिएको थियो, विद्यालयको शैक्षिक गतिविधि ठप्प हुँदा हामी निकै चिन्तित थियौं, तर अहिले हाम्रो सो चिन्ता केही हदसम्म हटेको छ ।"-बर्दियाको विद्यालयकी शान्ति अधिकारीले भनिन्-"सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना विद्यालयमा लागू भएपछि यसबाट सकारात्मक परिणाम देखिएको हो ।" कोरोना महामारीका कारण दुई वटा शैक्षिक सत्रमा विद्यार्थीको पठनपाठन र सिकाइ क्रियाकलाप अवरुद्ध भएकोमा नयाँ योजना कार्यन्वयन गरिएपछि विद्यार्थीहरुलाई फाइदा भएको उनको अनुभव छ । अधिकारीले भनिन्-"यो योजनाअन्तर्गत हामीले हरेक दिन विद्यालय समयपछि झन्डै डेढ घण्टामा उनीहरुको सिकाइ आपूरणको लागि सहजीकरण गर्दै आएका छौं ।"

कोभिड-१९ को कारण शैक्षिक सत्र २०७७ र २०७८ मा विद्यार्थीहरुको पठनपाठन र सिकाइ क्रियाकलाप रोकिएको थियो । त्यसपछि नेपाल सरकारको विद्यालय शिक्षा क्षेत्र योजनाको पूरक कार्यक्रमको रूपमा सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (Recovery and Accelerated Learning-ReAL-Plan) कार्यन्वयन गरिएको हो । कक्षागत सिकाइ सक्षमता हासिल गर्नको लागि सिकाइ आपूरणमा सहयोग पुऱ्याउनको लागि एकिकृत सिकाइ सहजीकरण गर्न यो योजनाले सहयोग गर्नेछ । तल्लो कक्षामा न्यूनतम सिकाइ हुन नसक्दा माथिल्ला कक्षाका विषयवस्तु अध्ययन गर्न विद्यार्थीलाई कठिन पर्ने कुरालाई मध्यनजर गरी उनीहरुको सिकाइमा सहजीकरण गर्नु यो सिकाइ योजनाको मुख्य उद्देश्य हो । योजना लागू गर्नुअघि यो योजनाबारे शिक्षकहरुलाई तालिम समेत प्रदान गरिएको थियो, फलस्वरुप शिक्षकहरुले त्यसलाई कक्षाकोठामा लागू गर्दै विद्यार्थीको सिकाइमा सहजीकरण गरेका छन् । विद्यालयका शिक्षक प्रेमवहादुर चौधरीले भने-"तालिमपश्चात् हामीले यो सिकाइ योजनाअनुसार कक्षा सञ्चालन र निरन्तर सिकाइको लागि सहजीकरण गरेका छौं, यसबाट विद्यार्थीको सिकाइमा सुधार आएको हामीले महसुस गरेका छौं ।"



**सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना अन्तर्गत हामीले हरेक दिन विद्यालय समयपछि झन्डै डेढ घण्टामा उनीहरूको सिकाइ आपूरणको लागि सहजीकरण गर्दै आएका छौं ।**

\- कुमारी शान्ति अधिकारी, शिक्षक

**तालिमपश्चात् हामीले यो सिकाइ योजना अनुसार कक्षा सञ्चालन र निरन्तर सिकाइको लागि सहजिकरण गरेका छौं, यसबाट विद्यार्थीको सिकाइमा सुधार आएको हामीले महसुस गरेका छौं ।**

\- प्रेमवहादुर चौधरी, शिक्षक





कक्षाकोठामा शिक्षक र छात्राबीचको सम्वादको क्षण ।
© Plan International / Nischal Shrestha

सो विद्यालयमा गणित विषय अध्यापन गर्दै आएका शिक्षक चौधरीका अनुसार, यसबाट विद्यार्थीको समग्र पढाइ र सिकाइ गतिमा निकै मद्धत पुगेको छ ।

कोरोनाको समयमा नियमित विद्यालय जान नपाउँदा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ प्रभावित भएको थियो । सोही अवस्थालाई मध्यनजर गरी विशेष गरी कक्षा ३ देखि ८ मा अध्ययन गर्ने विद्यार्थीहरुलाई मुख्य विषयहरु जस्तैः नेपाली, गणित, अंग्रेजी र विज्ञान विषयमा भएको सिकाइ असक्षमतालाई आपूरण गर्नका लागि सिकाइ आपूरण र द्रुत सिकाइ योजनाको कार्यान्वयनले सहयोग पुगेको छ । शिक्षक अधिकारीले भनिन्-"नयाँ योजनाअनुसार कक्षा सञ्चालन साथै निरन्तर सिकाइमा सहजिकरण गरेपछि यो पटकको परीक्षाको नतिजा पहिलाको भन्दा राम्रो छ, यसको कार्यान्वयन गर्दै गर्दा हामी शिक्षकका लागि पनि नयाँ अनुभव रह्यो ।"

सिकाइ आपूरण तथा द्रूत सिकाइ योजना कार्यन्वयन भएपछि विद्यार्थीमा विद्यालय समय भन्दाबाहिर पनि पढ्ने रुचि बढाएको छ । सोही विद्यालयमा कक्षा ८ मा अध्ययनरत छात्रा निर्जलाले भन्छिन्-"उपचारात्मक कक्षा (remedial class) मा सिक्न पाएकोले मैले अर्धबार्षिक परीक्षामा भन्दा बार्षिक परीक्षामा राम्रो नतिजा ल्याउन सकेँ, अहिले पढाइमा मेरो ध्यान निकै बढेको छ, घरमा बुबाआमा पनि खुशी हुनुभएको छ ।"



**उपचारात्मक कक्षा (remedial class) मा सिक्न पाएकोले मैले अर्धबार्षिक परीक्षामा भन्दा बार्षिक परीक्षामा राम्रो नतिजा ल्याउन सकेँ, अहिले पढाइमा मेरो ध्यान निकै बढेको छ, घरमा बुबाआमा पनि खुशी हुनुभएको छ ।**

**- निर्जला, विद्यार्थी**

**अहिले मेरी छोरी विद्यालय समयपछिको कक्षामा सहभागी भएपछि पढाइमा निकै ध्यान दिन थालेकी छन्, पहिला होमवर्क गर्न कर गर्नुपर्दथ्यो, अहिले आफै पढ्न र होमवर्क गर्न थालेकी छन् ।**

**- नवीना महतारा, अभिभावक**



कोरोनाका कारण आफ्नो सन्तानको पढाइ बिग्रिएको भन्दै चिन्तित भएका अभिभावक अहिले भने खुशी हुन थालेका छन् । सिकाइ आपूरणमा विद्यालयले सञ्चालन गरेको "उपचारात्मक कक्षा (remedial class) को प्रभाव आफ्ना बालबालिकामा देखिएको उनीहरुको अनुभव छ ।



निर्जला घरमा आमासँग आफ्नो पढाइबारे कुरा गर्दै ।
© Plan International / Nischal Shrestha



एक जना अभिभावक नवीना महताराले भनिन्- "अहिले मेरी छोरी विद्यालय समयपछिको कक्षामा सहभागी भएपछि पढाइमा निकै ध्यान दिन थालेकी छन्, पहिला होमवर्क गर्न कर गर्नुपर्दथ्यो, अहिले आफै पढ्न र होमवर्क गर्न थालेकी छन् ।"

सिकाइ आपूरण तथा द्रूत सिकाइ योजना प्रभावकारी बन्दै गएपछि विद्यालय व्यवस्थापन पक्ष पनि उत्साहित देखिन्छ । विद्यालयका प्रधानाध्यापक बालकृष्ण आचार्यले भने-"सिकाइ आपूरण तथा द्रूत सिकाइ प्रभावकारी देखेका छौं, विद्यार्थीहरुको पढाइमा सुधार हुँदा शिक्षकहरु पनि खुशी भएका छन् । यसलाई निरन्तरता दिनुपर्छ भन्नेमा हामी छौं ।"

प्लान इन्टरनेशनल नेपालले सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना कार्यन्वयनका लागि सम्वन्धित स्थानीय तहसँग समन्वय गरिरहेको छ । बर्दियाको ठाकुरबाबा नगरपालिकाकी शिक्षा शाखा प्रमुख सीता भण्डारीले भनिन्-"हामीले प्लान इन्टरनेशनलको साझेदारीमा यो योजना कार्यन्वयनका लागि विद्यालयहरुसँग काम गरिरहेका छौं, यसमा हामीले खासगरी अनुगमनमा सहयोग गरेको हो ।" प्रमुख भण्डारीका अनुसार, पढाइमा कमजोर भएका विद्यार्थीहरुलाई चार वटा समूहमा राखेर उनीहरुको सिकाइ सक्षमता मापन गरी प्रत्येक विद्यार्थीको सिकाइ आपूरण गर्नको लागि उपचारात्मक कक्षा, स्वअध्ययन, दौतरीबाट सिक्ने, टेक्नोलोजीको सहायताबाट सिक्ने, अभिभावक र रिडिङ्ग क्याम्पबाट समेत सिक्न उत्प्रेरित गरी बालबालिकाको निरन्तर सिकाइमा सहयोग गर्ने मुख्य क्रियाकलाप यो योजनामा समावेश गरिएको छ ।



**सिकाइ आपूरण तथा द्रूत सिकाइ प्रभावकारी देखेका छौं, विद्यार्थीहरूको पढाइमा सुधार हुँदा शिक्षकहरू पनि खुशी भएका छन् । यसलाई निरन्तरता दिनुपर्छ भन्नेमा हामी छौं ।**

**- बालकृष्ण आचार्य, प्रधानाध्यापक**



शिक्षकको कुरा ध्यानपूर्वक सुन्दै छात्राहरु ।
© Plan International / Nischal Shrestha

## सिकाइ आपूरण तथा द्रुत सिकाइ योजनामा सहयोग

प्लान इन्टरनेशनल नेपालले विभिन्न ६ वटा जिल्लामा सिकाइ आपूरण तथा द्रूत सिकाइ योजना कार्यन्वयनमा सहयोग गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको योजना कार्यन्वयनका लागि आफ्नो कार्यक्षेत्र रहेका जिल्लाका सामुदायिक विद्यालयमा शिक्षकहरुलाई तालिम प्रदान गरिएको थियो । नयाँ अभ्यास भएका कारण यो तालिमको सहजीकरण स्थानीय तहका शिक्षा शाखाका प्रतिनिधिमार्फत् गराइएको थियो । समग्रमा यो योजनाअनुसार पछिल्लो डेढ बर्षको अवधिमा ३ हजार ९ सय ६६ जना विद्यार्थी प्लान इन्टरनेशनल नेपालको सहयोगमा सञ्चालित "उपचारात्मक (remedial class) कक्षामा सहभागी भएर सिकाइ आपूरण गर्न सफल भएका छन् ।

५

# गुणस्तरिय शिक्षाका लागि शिक्षकको क्षमता विस्तार



जुम्लाको एक विद्यालयका विद्यार्थी ।
© Plan International / Nischal Shrestha

जुम्लाको विद्यालयका प्रधानाध्यापक गणेशप्रसाद आचार्य कक्षाकोठामा बालबालिकालाई पढाउने मात्र नभई विद्यालयमा शिक्षकहरुको सक्रियतालाई ध्यानपूर्वक हेरिरहेका छन् । पदीय जिम्मेवारी अनुसार उनले विद्यार्थीलाई गुणस्तरिय शिक्षा दिन र विद्यालयको शैक्षिक वातावरणलाई व्यवस्थित गर्ने पहलका लागि अग्रसरता लिएका छन् । शैक्षिक वातावरण व्यवस्थित गर्न आचार्यले शिक्षकहरुसँग समन्वय समेत गर्दै आएका छन् । कतिपय विषयबारे क्षमता नहुँदा शिक्षकहरुले विद्यार्थीको सिकाइलाई प्रभावकारी ढंगबाट सहजीकरण गर्न नसकेको अनुभव सुनाउँदै उनले भने-“सामुदायिक विद्यालयमा शिक्षकमा क्षमता र दक्षताको अभाव सधैंजसो देखिने गरेका थिए, हाम्रो स्कूलमा भने पहिलो जस्तो अवस्था छैन, किनभने हामीले शिक्षकहरुलाई विभिन्न विषयमा तालिम र प्रशिक्षणमा सहभागी गराएका छौं ।”

प्लान इन्टरनेशनल नेपालले विद्यालयमा गुणस्तरिय शिक्षालाई बढावा दिन र शैक्षिक वातावरणलाई सहज बनाउन सरोकारवाला निकायको समन्वयमा शिक्षकहरुलाई विभिन्न तालिम र प्रशिक्षण प्रदानमा सहयोग गरेको छ । यहीक्रममा सो विद्यालयका शिक्षकलाई समेत उनीहरुको क्षमता वृद्धि र पेशागत दक्षता बढाउन सहयोग गरिएको छ । ती तालिम र प्रशिक्षणमा सहभागी भएका शिक्षकले अहिले आफ्नो जिम्मेवारी अनुसार काम गरिरहेका छन् । प्रधानाध्यापक आचार्यले भने-“आर्थिक स्रोतको अभावमा पहिला शिक्षकहरुलाई तालिम दिन सकेका थिएनौं, अहिले भने उहाँहरुले धेरै बिषयमा प्रशिक्षण पाएपछि हामीलाई निकै मद्धत पुगेको छ ।”



**सामुदायिक विद्यालयमा शिक्षकमा क्षमता र दक्षताको अभाव सधैंजसो देखिने गरेका थिए, हाम्रो स्कूलमा भने पहिलो जस्तो अवस्था छैन, किनभने हामीले शिक्षकहरूलाई विभिन्न विषयमा तालिम र प्रशिक्षणमा सहभागी गराएका छौं ।**

– गणेशप्रसाद आचार्य, प्रधानाध्यापक

**गणित बिषय बढी सैद्धान्तिक भएकाले विद्यार्थीलाई सिकाउन सहज छैन, अहिले हामीले स्थानीयस्तरमा तयार पारिएका शैक्षिक सामाग्रीको प्रयोग गरेर उनीहरूलाई पढाउन पाएका छौं, जसबाट उनीहरूलाई गणितका बिषयवस्तु सिक्न सहज हुन थालेको छ ।**

– कलिवहादुर बुढा, शिक्षक






कक्षाकोठाको क्रियाकलापमा विद्यार्थी र शिक्षक ।
© Plan International / Nischal Shrestha

विद्यालयको शैक्षिक वातावरणमा क्रमशः सुधार हुँदै गएकोमा खुशी भएका उनी भन्छन्- “शिक्षकहरुको क्षमता पहिलाभन्दा निकै बढेको छ, उहाँहरुमा विद्यार्थीप्रतिको दायित्वबोध पनि विकास भएको छ, विद्यार्थीलाई गुणस्तरिय शिक्षा दिने हाम्रो लक्ष्यमा यसबाट सहयोग पुगेको छ ।”

प्लान इन्टरनेशनल नेपालले साझेदार संस्था पेश नेपालसँगको सहकार्यमा शिक्षकहरुका लागि शिक्षण सिकाइ क्रियाकलापका साथै लैगिक समानता र विपद् व्यवस्थापनका बिषयमा तालिम र प्रशिक्षण प्रदान गरेको हो । शिक्षण सिकाइ सामाग्री तयार पार्नेसम्वन्धि तालिममा सहभागी भएका गणित बिषयका शिक्षक कालिवहादुर बुढा भन्छन्-“गणित बिषय बढी सैद्धान्तिक भएकाले विद्यार्थीलाई सिकाउन सहज छैन, अहिले हामीले स्थानीयस्तरमा तयार पारिएका शैक्षिक सामाग्रीको प्रयोग गरेर उनीहरुलाई पढाउन पाएका छौं, जसबाट उनीहरुलाई गणितका बिषयवस्तु सिक्न सहज हुन थालेको छ ।” शिक्षक बुढाका अनुसार, कक्षाकोठामै तयार पारिएका दृश्य (चित्र) सहितको सामाग्रीहरुको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गर्दा विद्यार्थीमा पढाइप्रति रुचि बढ्न थालेको छ । उनले भने-“हामीले सीप विकाससम्वन्धि तालिम लिएपछि त्यसलाई कक्षाकोठाभित्र व्यवहारमा उतार्न पाएका छौं ।”



पढाइका क्रममा शिक्षक र विद्यार्थी ताली बजाएर खुशी व्यक्त गर्दै ।
© Plan International / Nischal Shrestha



**मैले तालिमबाट पाठ्यपुस्तकमा उल्लेखित शव्द, उदाहरण र चित्रहरूलाई लैगिंक दृष्टिकोणले विश्लेषण गर्ने सीप सिकेको छु । र, त्यहीअनुसार विद्यार्थीहरूलाई पढाइरहेको छु ।**

**- नवकन्या कार्की, शिक्षिक**

नियमित शिक्षण सिकाइका साथै शिक्षकहरुलाई लैङ्गिक रुपान्तरणमूखी र समावेशी शिक्षाका विविध पक्षबारे प्रशिक्षित गरिएको छ । सो क्रममा उनीहरुलाई पठनपाठनको क्रममा लैङ्गिक समानता जगाउने खालका उदाहरण र चित्रहरु प्रस्तुत गर्ने लगायत सीप सिकाइएको छ । त्यस्तै, लैङ्गिक रुपमा कसैलाई भेदभाव गर्न हुन्न भन्ने भावना विकास गर्न उनीहरुलाई प्रेरित गरिएको छ । विद्यालयकी शिक्षक नवकन्या कार्की भन्छिन्-“मैले तालिमबाट पाठ्यपुस्तकमा उल्लेखित शव्द, उदाहरण र चित्रहरुलाई लैगिंक दृष्टिकोणले विश्लेषण गर्ने सीप सिकेको छु । र, त्यहीअनुसार विद्यार्थीहरुलाई पढाइरहेको छु ।” तालिममा सहभागी भएपछि आफूले लैङ्गिक समानताको महत्व बुझेको बताउँदै कार्कीले भनिन्-“कक्षाकोठामा छात्रछात्रा र अपांगता भएका विद्यार्थीहरुको कसरी समान सशभागिता गराउन सकिन्छ भन्ने सीप मैले सिकेर लागू गर्दैछु, पढाउँदा कुनै पनि विद्यार्थीलाई भेदभाव गर्नु हुन्न भन्ने मैले थाहा पाएको छु ।”

विद्यालयमा शिक्षण सिकाइ र समावेशी शिक्षाका अलावा विपद् व्यवस्थापनका लागि समेत शिक्षकहरुलाई सचेत गराउन तालिम प्रदान गरिएको छ । विपद् पूर्वको तयारी र विपद्का कुनै घटना भएमा कसरी सुरक्षित रहने भन्नेबारे उनीहरुलाई सिकाइएको हो । शिक्षक धर्मसिंह खत्रीले भने- “विपद्सम्वन्धि तालिमले विद्यालयको क्षेत्राधिकारभित्र रहेको समुदायमा जोखिम नोक्सानलाई न्युनिकरण गर्न, योजना निर्माण गर्न, योजना कार्यन्वयन गर्न सहयोग पुऱ्याएको छ ।”





कक्षाकोठामा रमाएका विद्यार्थीहरु ।
© Plan International / Nischal Shrestha

**विपद्सम्वन्धि तालिमले विद्यालयको क्षेत्राधिकारभित्र रहेको समुदायमा जोखिम नोक्सानलाई न्युनिकरण गर्न, योजना निर्माण गर्न, योजना कार्यन्वयन गर्न सहयोग पुऱ्याएको छ ।**

**- धर्मसिंह खत्री, शिक्षक**



उनका अनुसार, विपद्का समयमा विद्यार्थीहरुलाई कसरी सुरक्षित गर्ने भन्नेबारेमा अभ्यास समेत बेलाबेलामा गर्ने गरिएको छ । विपद् पूर्व तयारीसम्वन्धि अभ्यास गराएपछि विद्यार्थीहरुमा विपद्का घटना भइहालेमा सुरक्षित रहन सकिन्छ भन्ने आत्मविश्वास देखिएको शिक्षक खत्रीले बताए ।

## शिक्षकको पेशागत सीप विकासमा प्लान इन्टरनेशनल नेपालको सहयोग

विद्यालयमा शैक्षिक गुणस्तर वृद्धिका लागि प्लान इन्टरनेशनल नेपालले शिक्षण सिकाइ क्रियाकलापका साथै विभिन्न बिषयमा तालिम प्रदान गरेको छ । गत तीन बर्षको अवधिमा १ हजार ५ सय ३४ जना शिक्षकलाई लैङ्गिक रुपान्तरणमुखी र समावेशी शिक्षासम्वन्धि तालिम प्रदान गरेको छ । त्यस्तै, कम लागत र विना खर्चमा सिकाइ र खेलकुदका सामाग्री बनाउन १ हजार २ सय २५ जना शिक्षकलाई तालिम दिइएको छ । समावेशी कक्षाकोठा व्यवस्थापन र शिक्षण विधिका लागि ३ सय शिक्षकलाई प्रशिक्षण प्रदान गरिएको छ ।

६

# बालबालिकाको पढाइमा बढ्दैछ अभिभावकको सक्रियता



घरमा बनाइएको पढाइ कुनामा छोरीलाई पढाउँदै अभिभावक ।
© Plan International / Nischal Shrestha

कालिकोट जिल्लाको बासिन्दा भरत विश्वकर्माका छोराछोरी स्थानीय रमा माध्यमिक विद्यालयमा पढ्छन् । दैनिक कामका लागि व्यस्त रहने भरतले केही महिनाअघिसम्म उनीहरुको पढाइमा ध्यान दिन पाएका थिएनन्, छोराछोरीलाई स्कूल पठाएपछि उनी काममा जान्थे, दिनभर काम गरेर साँझ अबेर घर फर्किन्थे । भरतले आफ्ना बालबालिकाको पढाइमा उत्ति सारो चासो राख्ने गरेका थिएनन् । विगत सम्झिँदै उनले भने-“ उनीहरुलाई विद्यालय पठाएपछि हाम्रो काम सकियो जस्तो लाग्दथ्यो, त्यस्तो होइन रहेछ, हामीले पनि उनीहरुको पढाइमा ध्यान दिनुपर्ने रहेछ ।” भरत अहिले घरमा हुँदा आफ्ना छोराछोरीलाई पढ्न सहयोग गरिरहेका छन् ।

छोराछोरीको पढाइमा ध्यान दिनुपर्छ भन्ने आत्मबोध उनले अभिभावक सचेतना कार्यक्रममा सहभागी भएपछि गरेका हुन् । भरत भन्छन्-“सचेतना कार्यक्रममा सहजकर्ताहरुले हामीलाई सबै कुरा सिकाउनुभयो, हाम्रा छोराछोरीहरु विद्यालयबाट पढेर घरमा आएपछि उनीहरुले गृहकार्य गरेका छन् या छैनन् भनेर हेर्छु, अनि कक्षामा के के पढाइ भयो भनेर सोध्ने गरेको छु ।” त्यतिमात्र होइन, उनी बेलाबेलामा स्कूलमा गएर आफ्ना छोराछोरीको पढाइ कस्तो छ भनेर शिक्षकसँग बुझ्ने गरेका छन् ।

प्लान इन्टरनेशनल नेपालले विद्यालयसँगको समन्वयमा अभिभावक सचेतना कार्यक्रम गरेपछि भरत जस्ता अभिभावकमा आफ्नो छोराछोरीको पढाइलाई रुचिपूर्वक हेर्ने र



> सचेतना कार्यक्रममा सहजकर्ताहरूले हामीलाई सबै कुरा सिकाउनुभयो, हाम्रा छोराछोरीहरू विद्यालयबाट पढेर घरमा आएपछि उनीहरूले गृहकार्य गरेका छन् या छैनन् भनेर हेर्छु, अनि कक्षामा के के पढाइ भयो भनेर सोध्ने गरेको छु ।
>
> – भरत विश्वकर्मा, अभिभावक

> पहिले विद्यालयमा अभिभावकहरूको उपस्थिति साह्रै कम हुन्थ्यो । बालबालिकाहरूको शैक्षिक गतिविधिको जानकारी लिन स्कूल आउने अभिभावक औंलामा गन्न सकिन्थ्यो, अहिले भने त्यस्तो छैन, धेरैजसो अभिभावक छोराछोरीको पढाइबारे सोध्न आइरहेका छन् ।
>
> – बसन्त विष्ट, शिक्षक



उनीहरुको सिकाइ क्षमता बढाउन प्रयास गर्ने बानी परेको छ । उनको घरमा छोराछोरीलाई पढ्न छुट्टै ठाउँ बनाइएको छ । “पढाइ कुना” मा उनीहरुको किताब, कापी, कलम राख्न र विद्यालयको पोशाक राख्ने स्थान बनाइएको छ भने विभिन्न पठन सामाग्री पढाइ कुनाको भित्तामा आकर्षक ढंगले सजाइएको छ । “पढाइ कुना”को व्यवस्था गरेपछि घरमा पनि विद्यार्थीहरुले ध्यान दिएर पढ्न पाएका छन् । भरतले भने-“बालबालिकाहरुमा व्यवस्थित तरिकाले आफ्ना सामान मिलाएर राख्न र अध्ययन गर्ने बानीको विकास भएको छ ।”

अभिभावकले विद्यार्थीको पढाइलाई ध्यान दिन थालेको अनुभव विद्यालयका शिक्षकहरुले पनि गरेका छन् । विद्यालयका शिक्षक बसन्त विष्टले भने-“पहिले विद्यालयमा अभिभावकहरुको उपस्थिति साह्रै कम हुन्थ्यो । बालबालिकाहरुको शैक्षिक गतिविधिको जानकारी लिन स्कूल आउने अभिभावक औंलामा गन्न सकिन्थ्यो, अहिले भने त्यस्तो छैन, धेरैजसो अभिभावक छोराछोरीको पढाइबारे सोध्न आइरहेका छन् ।” शिक्षक विष्टका अनुसार, अभिभावकको सक्रियतापछि उनीहरुसँग सल्लाह गरी योजना बनाउन विद्यालयलाई सजिलो भइरहेको छ ।

बालबालिकाको पहिलो विद्यालय घर नै हो भन्ने मान्यता अनुसार प्लान इन्टरनेशनल नेपालले समूदाय स्तरमा अभिभावक शिक्षा तथा ‘एक घर: एक पढाइकुना’ अभियान नै सञ्चालन गरेको हो ।



घरमा बनाइएको पढाइ कुनामा बसेर पढ्दै पबित्रा ।
© Plan International / Nischal Shrestha

अहिले त घरमा मेरो बेग्लै पढ्ने ठाउँ "पढाइ कुना" छ । विद्यालयबाट घर पुग्ना साथ खाजा खान्छु, र त्यही पढाइ कुनामा बसेर गृहकार्य सक्छु । बिहान पनि त्यही ठाउँमा बसेर पढ्छु ।

- पबित्रा, छात्रा



अभियानपछि घर र विद्यालय दुवैमा सिकाइ मैत्री वातावरण निर्माण भएको छ । विद्यालयका कक्षा ९ मा अध्ययनरत छात्रा पबित्राले भनिन्-"अहिले त घरमा मेरो बेग्लै पढ्ने ठाउँ "पढाइ कुना" छ । विद्यालयबाट घर पुग्ना साथ खाजा खान्छु, र त्यही पढाइ कुनामा बसेर गृहकार्य सक्छु । बिहान पनि त्यही ठाउँमा बसेर पढ्छु ।" उनले थपिन्- "पढाइ कुनामा बसेपछि कसैले पनि डिस्टर्ब गर्नुहुन्न, पढ्ने बेलामा बुबाआमाले घरको काम पनि गर्न लगाउनु हुँदैन, पढ्ने ठाउँ अलग्गै भएपछि पढ्नमा ध्यान जाने रहेछ ।"

अभिभावक सचेतना कार्यक्रम र पढाइ कुनाले गर्दा विद्यार्थीहरुले नियमित रुपमा गृहकार्य गरिरहेको र यसबाट उनीहरुको सिकाइलाई फाइदा पुगेको शिक्षकहरुको भनाइ छ । विद्यालयकी शिक्षक मुनाकुमारी बुढाले भनिन्-" पहिला विद्यार्थीले घरमा गृहकार्य नगर्दा हामी उनीहरुलाई सम्झाउँदा सम्झाउँदा हैरान थियौं, अहिले अवस्था फेरिएको छ, उनीहरुले नियमित गृहकार्य गरिरहेका छन् ।" अभिभावकले घरमा छोराछोरीको पढाइमा ध्यान दिएपछि उनीहरुको अनुशासनमा पनि सुधार आएको शिक्षक बुढाले बताइन् ।

विद्यार्थीहरुमा देखिएको परिवर्तनमा अभिभावकको भूमिका निकै महत्वपूर्ण भएको भन्दै विद्यालयका प्रधानाध्यापक तपेन्द्र महताराले भने-"बालबालिकाको पढाइमा विद्यालयले मात्र पहल गरेर सम्भव हुँदैन, अभिभावकले पनि साथ दिनुपर्छ, सचेतना कार्यक्रमले



पहिला विद्यार्थीले घरमा गृहकार्य नगर्दा हामी उनीहरूलाई सम्झाउँदा सम्झाउँदा हैरान थियौं, अहिले अवस्था फेरिएको छ, उनीहरूले नियमित गृहकार्य गरिरहेका छन् ।

- मुनाकुमारी बुढा, शिक्षक



त्यसलाई पुष्टि गरेको छ ।" पढाइ कुनाको व्यवस्थाले विद्यार्थीहरुको सिकाइ उपलब्धि समेत बढाएको महताराको भनाइ छ । उनले भने-"शैक्षिक वातावरणमा सुधार आउँदा हामी निकै खुशी छौं, अब उनीहरुको शैक्षिक गुणस्तर बढाउन अभिभावकसँग थप सहकार्य गरेर अघि बढ्छौं ।"



बालबालिकाको पढाइमा विद्यालयले मात्र पहल गरेर सम्भव हुँदैन, अभिभावकले पनि साथ दिनुपर्छ, सचेतना कार्यक्रमले त्यसलाई पुष्टि गरेको छ ।

- तपेन्द्र महतारा, प्रधानाध्यापक



बालविकास कक्षामा विद्यार्थी र शिक्षक ।
© Plan International / Nischal Shrestha

## अभिभावक शिक्षामा प्लान इन्टरनेशनल नेपालको सहयोग

बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउने पहलमा प्लान इन्टरनेशनल नेपालले साझेदार संस्थाहरु र विद्यालयको समन्वयमा समुदाय तहमा अभिभावक सचेतना कार्यक्रम आयोजना गरेको छ । बालबालिकाको पढाइमा अभिभावकको भूमिका, बालमैत्री पारिवारिक वातावरणको महत्व, अभिभावक र विद्यालयबीचको समन्वय लगायत बिषयबारे जानकारी दिन सचेतना कार्यक्रम गरेको हो । तीन बर्षको अवधिमा अभिभावक सचेतना कार्यक्रममा १८ हजार २४ जना अभिभावक सहभागी भएका छन् । त्यस्तै, ६ हजार ५ सय ८० घरपरिवारमा पढाइ कुना (होम रिडिङ कर्नर) बनाउन सहयोग गरिएको छ ।

# ७

# सूचना प्रविधिले बढाएको भरोसा



कम्प्युटर ल्याबमा विद्यार्थीहरु ।
© Plan International / Nischal Shrestha

कक्षा १० मा अध्ययनरत दीपशिखा आजभोलि स्कूलको कम्प्युटर ल्याबमा जान निकै उत्साहित देखिन्छिन् । कक्षाकोठाको नियमित पठनपाठन बाहेक ल्याबमा गएर सूचना प्रविधिबारे सिक्न पाउने भएपछि उनमा यस्तो खालेको उत्साह देखिएको हो । उनी भन्छिन्-"अघिल्लो बर्षसम्म मैले सूचना प्रविधिबारे सुनेको मात्र थिएँ, यसको प्रयोग गर्न पाएको थिइन्, तर अहिले अवस्था फेरिएको छ, विद्यालयमै सूचना प्रविधिबारे सिक्ने मौका पाएको छु ।"

दीपशिखा मात्र होइन, यस विद्यालयका थुप्रै विद्यार्थीले अहिले आइसिटी ल्याबमा कम्प्युटर र ल्यापटपको प्रयोग गरी सूचना प्रविधिबारे सिक्ने अवसर पाएका छन् । विद्यालयमा फेरिएको वातावरणबारे उनले भनिन्- "कम्प्युटर ल्याबका कारण हामीलाई नयाँ-नयाँ सिकाइ सामाग्रीहरु खोजी गरी स्वअध्ययन गर्न सजिलो भएको छ । कक्षाकोठामा किताबी ज्ञान मात्र हुन्थ्यो, अहिले धेरै चीज सिक्ने मौका मिलेको छ ।"

सूचना प्रविधिको माध्यमबाट नयाँ विषय सिक्न पाउँदा आफ्नो पढाइमा समेत सुधार भएको उनको अनुभव छ । दीपशिखाले भनिन्-"सूचना, सञ्चार र प्रविधि अर्थात् आइसिटीबारे प्रयोगात्मक अभ्यासले आगामी दिनमा मलाई निकै मद्धत गर्नेछ ।"

दीपशिखा एउटा उदाहरण मात्र हुन् । यो विद्यालयका विद्यार्थीहरुले सूचना, सञ्चार र प्रविधि (आइसिटी) बारे सिक्ने र नयाँ ज्ञान थाहा पाउने अवसर पाएका छन् । विद्यार्थीहरुको



कम्प्युटर ल्याबका कारण हामीलाई नयाँ-नयाँ सिकाइ सामाग्रीहरू खोजि गरी स्वअध्ययन गर्न गर्न सजिलो भएको छ । कक्षाकोठामा किताबी ज्ञान मात्र हुन्थ्यो, अहिले धेरै चीज सिक्ने मौका मिलेको छ ।

- दीपशिखा, विद्यार्थी



सूचना प्रविधिको प्रयोग गर्दै विद्यार्थी ।
© Plan International / Nischal Shrestha

गुणस्तरिय शिक्षालाई वृद्धि गर्न प्लान इन्टरनेशनल नेपालले साझेदार संस्था ह्यान्ड्स नेपालको समन्वयमा यो विद्यालयमा आइसिटी एकिकृत गरी पढाइका लागि सहयोग गरेको छ । त्यसका लागि संस्थाको तर्फबाट विद्यालयलाई १४ थान कम्प्युटरसहितका सामाग्री प्रदान गरिएको छ ।

ती कम्प्युटरसहितको ल्याबमा विद्यार्थीहरु नियमित रुपमा जाने गरेका छन् र उनीहरुलाई कम्प्युटर सम्वन्धि विभिन्न ज्ञान सिकाइने गरेको छ । विद्यालयका विज्ञान तथा प्रविधि विषयका सम्पर्क शिक्षक आशिष तिवारीले भने- "कम्प्युटर ल्याबले हाम्रा विद्यार्थीलाई सूचना प्रविधि सम्बन्धी ज्ञान सिक्न मात्र होइन, उनीहरुको पढाइलाई समेत धेरै सहयोग गरेको छ ।" शिक्षक तिवारीले भन्छन्-"इन्टरनेटको प्रयोग, एमएस पेन्ट, एमएस वर्ड, एक्सल वर्ड जस्ता विभिन्न प्रोग्राम कसरी चलाउने भनेर हामीले विद्यार्थीलाई सिकाइरहेका छौं र उनीहरुमा नयाँ बिषय सिक्ने उत्सुकता निकै छ ।"



**इन्टरनेटको प्रयोग, एमएस पेन्ट, एमएस वर्ड, एक्सल वर्ड जस्ता विभिन्न प्रोग्राम कसरी चलाउने भनेर हामीले विद्यार्थीलाई सिकाइरहेका छौं र उनीहरूमा नयाँ विषय सिक्ने उत्सुकता निकै छ ।**

**- आशिष तिवारी, शिक्षक**



विद्यार्थीलाई कम्प्युटरमा सिकाउँदै शिक्षक ।
© Plan International / Nischal Shrestha

विद्यार्थीको नियमित पठनपाठनलाई प्रविधिसँग जोड्ने उद्देश्यसहित सञ्चालित परियोजना अन्तर्गत प्लान इन्टरनेशनल नेपाल, साझेदार संस्था ह्यान्डस नेपाल र सम्वन्धित स्थानीय तहको समन्वयमा विद्यालयमा यसका प्रकार पहल गरिएको हो । उनको विद्यालयका प्रधानाध्यापक प्रेमप्रसाद भट्टराईले भने-"सहयोगी संस्थाले गरेको यो सहयोग विद्यालय स्थापनापछिको ठूलो सहयोगको रुपमा लिएका छौं, कम्प्युटर ल्याब स्थापना भएपश्चात विद्यार्थीहरुमा एउटा नयाँ जोस र उत्साह पलाएको छ ।"

प्रधानाध्यापक भट्टराईका अनुसार, सूचना प्रविधिको पंहुचबाट वञ्चित भएका विद्यार्थीहरु अहिले प्रविधिसँग जोडिन पाउँदा उनीहरुका अभिभावक समेत निकै खुशी भएका छन् । उनले थपे-"विकट ठाउँको स्कूलमा पनि कम्प्यूटर ल्याबमा बसेर सिक्न पाउनु विद्यार्थीका लागि खुशीको कुरा हो, यसले समग्र विद्यालयको पठनपाठन र विद्यार्थीको शैक्षिक स्तर उकास्न सहयोग पुग्ने अपेक्षा गरेका छौं ।"

आइसिटीमा सहयोग गर्ने क्रममा प्लान इन्टरनेशनल नेपालले सिन्धुली र बर्दियाका दुई विद्यालयमा लर्निङ किओक्स स्थापना र सञ्चालनमा समेत सहयोग गरेको छ । लर्निङ किओक्स डिजिटल माध्यमबाट सिकाइ गर्ने एउटा विधि हो, जसमा विद्यार्थीलाई चाहिने सिकाइ सामाग्री राखिएका छन् ।

**सहयोगी संस्थाले गरेको यो सहयोग विद्यालय स्थापनापछिको ठूलो सहयोगको रूपमा लिएका छौं, कम्प्युटर ल्याब स्थापना भएपश्चात विद्यार्थीहरूमा एउटा नयाँ जोस र उत्साह पलाएको छ ।**

**- प्रेमप्रसाद भट्टराई, प्रधानाध्यापक**





**किताव हेरेर पढेको बिषयबारे थप जानकारी पाउन जान्न किओक्स हामीलाई निकै फाइदाजनक छ, अनलाइन र अफलाइन दुवैबाट सर्च गरेर विभिन्न विषय पाएका छौं ।**

**- पार्वती, विद्यार्थी**



विद्यालयमा किओक्स चलाउँदै विद्यार्थी ।
© Plan International / Nischal Shrestha

बर्दियाको विद्यालयमा कक्षा १० मा अध्ययनरत छात्रा पार्वतीले भनिन्-"किताव हेरेर पढेको बिषयबारे थप जानकारी पाउन किओक्सले हामीलाई निकै सहज बनाएको छ । अनलाइन र अफलाइन दुवै मोडमा अपलोड भएका पाठमा आधारित विभिन्न भिडियो, खेल आफैले सर्च गरेर हेरेर सिक्न पाएका छौं, यसले हामीलाई नबुझेको पाठ बुझ्न निकै सजिलो भएको छ ।" विद्यालयका शिक्षक सागर चौधरीका अनुसार, लर्निङ किओक्सबाट विद्यार्थीले धेरै बिषय सिकेका छन् । उनले भने-"कितावी ज्ञान भन्दा बढी रुचि विद्यार्थीले लर्निङ किओक्समा देखाएका छन्, किनभने यसमा उनीहरुले श्रव्यदृश्य सामाग्री हेर्न पाउछन् ।"

**कितावी ज्ञान भन्दा बढी रूचि विद्यार्थीले लर्निङ किओक्समा देखाएका छन्, किनभने यसमा उनीहरूले अभ्यास गरिरहेका छन् ।**

**- सागर चौधरी, शिक्षक**



## सूचना, सञ्चार र प्रविधि (आइसिटी) का लागि सहयोग

प्लान इन्टरनेशनल नेपालले आफ्नो कार्यक्षेत्रमा रहेका सामुदायिक विद्यालयमा सूचना, सञ्चार र प्रविधि (आइसिटी) एकिकृत गरी शिक्षण सिकाइ क्रियाकलाप गर्ने व्यवस्थाका लागि सहयोग गर्दै आएको छ । यही क्रममा यो संस्थाको सहयोगमा गत दुई बर्षको अवधिमा मात्रै २० वटा विद्यालयमा आइसिटी ल्याव स्थापना गरिएका छन् । ल्याबका लागि चाहिने कम्प्युटर र कक्षाकोठाका लागि चाहिने अन्य आइसिटी सामाग्री समेत सहयोग गरिएको छ । आइसिटी ल्याव स्थापनासँगै विद्यालयका शिक्षकहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा आइसिटी समायेजन गरी अध्यापन गर्ने सीप विकास तालिम समेत प्रदान गरिएकोछ । शिक्षकहरुले त्यसैको आधारमा विद्यार्थीहरुलाई आइसिटीबारे थप ज्ञान र सीप सिकाउनुको साथै शिक्षण सिकाइ क्रियाकलापमा यसको समायोजन गरी सिकाइरहेका छन् । संस्थाले गत तीन वर्षको अवधिमा विभिन्न विद्यालयका गरी १ सय ७५ जना शिक्षकलाई नियमित पठनपाठनमा आइसिटीलाई समायोजन गर्ने तरिकाबारे तालिम दिएको छ ।

८

# शैक्षिक प्रणालीहरूको सवलीकरण



प्रारम्भिक बालविकास कक्षामा विद्यार्थीहरु ।
© Plan International / Nischal Shrestha

देशको संघीय शासन प्रणाली अनुसार स्थानीय तहले पनि अन्य क्षेत्रमा जस्तै शिक्षा क्षेत्रमा आफ्नो छुट्टै नीति र योजना तयार पार्दै आएका छन् । यसैक्रममा बर्दियाको बारबर्दिया नगरपालिकाले आफ्नो १० बर्षे शिक्षा रणनीतिक योजना निर्माण गरेको छ । सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गर्ने र आधारभूत शिक्षा पाउने बालबालिकाको अधिकार सुनिश्चित गर्ने उद्देश्यसहित बारबर्दिया नगरपालिकाले योजना बनाएको हो ।

योजना निर्माणसँगै बारबर्दिया नगरपालिका अनिवार्य आधारभुत शिक्षा सुनिश्चितता गर्ने देशकै पहिलो स्थानीय तह समेत घोषित भएको छ । यसका लागि बालबालिकाको तथ्याकं संकलनको लागि घरधुरी सर्वेक्षणदेखि शिक्षकहरुको पेशागत सीप र विद्यालयहरुको शैक्षिक अवस्थासहितका थुप्रै अवस्था विश्लेषण भएका थिए । नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख टिकानाथ गोसाइँ भन्छन्-“विद्यालय शिक्षामा सबैको पहुँच बढाउन नीतिगत र प्रणालीगत सुधार आवश्यक हुन्छ, अहिले हामीले यसलाई नै केन्द्रित गरेर काम गरिरहेका छौं ।” शिक्षा योजना कार्यन्वयनमा अघि बढेको भन्दै गोसाइँले भने-“शिक्षासँग सम्वन्धित निकाय र विद्यालयहरुमा सुशासन कायम गरी विद्यार्थीहरुको सिकाइलाई उपलव्धिमूलक बनाउने, शैक्षिक वातावरणलाई व्यवस्थित गर्ने र त्यसका लागि चाहिने शिक्षकहरुको पेशागत सीप विकास गर्ने बिषयलाई हामीले प्राथमिकता दिएका छौं ।”



“शिक्षासँग सम्वन्धित निकाय र विद्यालयहरूमा सुशासन कायम गरी विद्यार्थीहरूको सिकाइलाई उपलब्धिमूलक बनाउने, शैक्षिक वातावरणलाई व्यवस्थित गर्ने र त्यसका लागि चाहिने शिक्षकहरूको पेशागत सीप विकास गर्ने बिषयलाई हामीले प्राथमिकता दिएका छौं ।

- टिकानाथ गोसाइँ, शिक्षा प्रमुख
बारबर्दिया नगरपालिका



नयाँ कक्षाकोठामा पढ्दै विद्यार्थीहरु ।
© Plan International / Nischal Shrestha



साना बालबालिकालाई पढाउँदै शिक्षक।
© Plan International / Nischal Shrestha

प्लान इन्टरनेशनल नेपालले सम्वन्धित स्थानीय तह र सरोकारवाला निकायको समन्वयमा शिक्षा नीति र योजना निर्माणका लागि सहयोग गरिरहेको छ। शाखा प्रमुख गोसाइँ भन्छन्-“हाम्रो शिक्षा नीति र योजना बनाउन साथै योजना अनुसार शिक्षण सिकाइ क्रियाकलापलाई नगरपालिकाकाभित्रका सामुदायिक विद्यालयलाई व्यवस्थित बनाउने कार्यमा प्लान इन्टरनेशनल नेपालको सहयोग रहदै आएको छ।” शिक्षकहरुको सीप र क्षमता विकास, कक्षाकोठाको भौतिक संरचना निर्माण लगायतका कार्यमा संस्थाबाट सहयोग पाउँदा निकै खुशी लागेको उनले बताए।

बारबर्दिया नगरपालिकाले स्थानीय भाषा, संस्कृतीलाई प्रवर्द्धन गर्ने उद्धेश्यअनुरुप सामुदायिक विद्यालयका लागि थारु भाषामा पाठ्यक्रम समेत निर्माण गरेको छ। हाम्रो नगरपालिका जातीय र भाषिक विविधता भएको क्षेत्र हो, त्यसमा पनि थारु जतिको बाहुल्यता छ। कोही पनि विद्यार्थीलाई विद्यालय बाहिर नराख्ने उद्देश्यले नेपाली, अंग्रेजी जस्तै थारु भाषामा पनि स्थानीय पाठ्यक्रम बनाइएको हो। शिक्षा प्रमुख गोसाइँले भने- “हाम्रो स्थानीय तहमा थारु भाषा बोल्ने थुप्रै विद्यार्थीहरुको सिकाइ सहजीकरणमा यो पाठ्यक्रम सहयोगी हुने आशा गरेका छौं।” यो पाठ्यक्रम निर्माणमा पनि प्लान इन्टरनेशनल नेपालले उल्लेखनीय सहयोग रहेको थियो।

शिक्षा नीति र योजना कार्यन्वयनमा बारबर्दियाका सबैजसो सामुदायिक विद्यालय जोडिएका छन्। ती विद्यालयको शैक्षिक वातावरणलाई प्रविधिमैत्री बनाउनुका साथै शिक्षकहरुको क्षमता बढाएर शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सहभागिता बढाउने हरतरहले प्रयास भइरहेको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खिमानन्द पाठक भन्छन्-“शिक्षा क्षेत्रमा थुप्रै प्रणालीगत समस्या थिए, त्यसलाई अहिले हामीले सम्वोधन गरिरहेका छौं र विद्यालयको शैक्षिक वातावरणमा सुधार आएको छ। उनका अनुसार शिक्षक तथा अभिभावकलाई लैङ्गिक उत्तरदायी बनाउनेदेखि सुरक्षित विद्यालय प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम र योजना तयार पारेर कार्यन्वयन गरिएको छ। अध्यक्ष पाठकले भने-“हाम्रो विद्यालय क्षेत्र सुधार योजनामा बालिकाहरुको शिक्षामा निरन्तरता अभिबृद्धि गर्ने, समावेशिता प्रवर्द्धन, सुरक्षित विद्यालय प्रवर्द्धन, प्रकोप जोखिम न्यूनिकरण जस्ता विषयहरु समाहित भएका छन् र यसै अनुरुप विद्यालयका गतिविधि पनि सञ्चालनमा छन्।” यो योजना निर्माणको क्रममा प्लानको महत्वपूर्ण सहयोग प्राप्त भएको थियो।

विद्यालयका प्रधानाध्यापक कुमारप्रसाद सापकोटाका अनुसार, विद्यालयले शैक्षिक प्रणालीमा सुधार गर्दै आफूलाई स्मार्ट स्कुलको रुपमा स्थापित गरेको छ।



**“हाम्रो विद्यालय क्षेत्र सुधार योजनामा बालिकाहरूको शिक्षामा निरन्तरता अभिबृद्धि गर्ने, समावेशिता प्रवर्द्धन, सुरक्षित विद्यालय प्रवर्द्धन, प्रकोप जोखिम न्यूनिकरण जस्ता विषयहरू समाहित भएका छन् र यसै अनुरूप विद्यालयका गतिविधि पनि सञ्चालनमा छन्।**

**- खिमानन्द पाठक, अध्यक्ष**





**एकिकृत शिक्षा सूचना व्यवस्थापन प्रणाली जुन डिजिटल मोडमा छ त्यसमा विद्यार्थीको तथ्यांक अद्यावधिक गर्न थाले पछि विद्यार्थीको विविधिकरणसहितको तथ्याकंको आधारमा आवश्यक योजना बनाइ पठनपाठनलाई अघि बढाउन निकै सहज भएको छ। अबको हाम्रो यात्रा गुणस्तरिय शिक्षा प्रवर्द्धन गर्ने रहेको छ।**

**- कुमार प्रसाद सापकोटा, प्रधानाध्यापक**

नगरपालिकाको सहयोग र शिक्षकहरुको सक्रियताले विद्यालयको शैक्षिक वातावरणमा सुधार आएको उनले बताए। सापकोटाले भने-“एकिकृत शिक्षा सूचना व्यवस्थापन प्रणाली जुन डिजिटल मोडमा छ त्यसमा विद्यार्थीको तथ्यांक अद्यावधिक गर्न थालेपछि विद्यार्थीको विविधिकरणसहितको तथ्यांकको आधारमा आवश्यक योजना बनाइ पठनपाठनलाई अघि बढाउन निकै सहज भएको छ। अबको हाम्रो यात्रा गुणस्तरिय शिक्षा प्रवर्द्धन गर्ने रहेको छ।”



धाराबाट पानी पिउँदै छात्रा।
© Plan International / Nischal Shrestha


## प्रणाली विकास र सुधारमा प्लान इन्टरनेशनल नेपालको सहयोग

**सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाउन स्थानीय तहको सहयोग महत्वपूर्ण हुने भएकाले प्लान इन्टरनेशनल नेपालले उनीहरूलाई मुख्य गरी चार वटा क्षेत्रमा सहयोग गरेको छ :**

- डिजिटल एकिकृत शिक्षा सूचना व्यवस्थापन प्रणालीमा बालबालिकाको विविधिकरणसहितको तथ्यांक अद्यावधिक गर्न। यसको लागि आवश्यक कम्प्युटरसहितका उपकरण तथा फोकल शिक्षकलाई सूचना अद्यावधिक गर्ने सीप विकासमा तालिम उपलब्ध गराउन।
- सहभागितामूलक तवरले लैङ्गिक र समावेशी दृष्टिकोणबाट अवस्था विश्लेषण गरी स्थानीय तहको शिक्षा नीति, योजना निर्माण र यसको कार्यान्वयन गर्न।
- स्थानीय पाठ्यक्रम निर्माणका लागि समेत संस्थाले स्थानीय तहलाई सघाइरहेको हो।
- विद्यालय क्षेत्र सुधार योजना निर्माणको क्रममा सूचनाहरुलाई लैङ्गिक र समावेशी दृष्टिकोणबाट विश्लेषण गरी सहभागितामूलक तरिकाले आवश्यकताको आधारमा योजना बनाउन विद्यालयहरुलाई सहयोग पुऱ्याउदै आएको छ। समग्रमा तीन बर्षको अवधिमा प्लानले ६ जिल्लाका १३ वटा स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माणका लागि सहायता प्रदान गरेको छ। त्यसैगरी संस्थाको सहयोगमा २३ वटा पालिकाले स्थानीय शिक्षा नीति र योजना तर्जुमा गरेका छन्। यसैक्रममा ६ सय बढी विद्यालयमा विद्यालय क्षेत्र सुधार योजना निर्माण गर्न सहयोग गरेको छ। ती नीति र योजना तर्जुमा गर्दा राष्ट्रिय शिक्षा नीति र संघीय सरकारबाट प्राथमिकतामा राखिएका शैक्षिक कार्यक्रमलाइ समेटिएको छ।

## ९

# स्टिम शिक्षामा रमाउँदै विद्यार्थी



स्टिम शिक्षामा सहभागी विद्यार्थी प्रयोगात्मक अभ्यास गर्दै ।
© Plan International / Nischal Shrestha

सिन्धुलीको विद्यालयमा प्लान इन्टरनेशनल नेपालले स्टिम शिक्षा परियोजनामार्फत् ल्याब स्थापना र विभिन्न खालका तालिमका लागि सहयोग प्रदान गर्दै आएको छ । स्टिम शिक्षाको अवधारणा यो विद्यालयमा केही महिना अगाडीबाट मात्र शुरु भएको हो । परियोजनाले विद्यार्थीहरुमा सैद्धान्तिक ज्ञानका साथै प्रयोगात्मक र व्यवहारिक सीपको विकास गर्न सहयोग पुगेको शिक्षकहरुको भनाइ छ । विद्यालयका विज्ञान शिक्षक नवल किशोर महतोले भने-“स्टिम शिक्षाको अवधारणा हाम्रो विद्यालयमा गत वैशाखदेखि मात्रै सुरुवात भएको हो, स्टिम ल्याब बनेपछि शिक्षण सिकाइ क्रियाकलापमा स्टिम अवधारणा अवलम्वन गरी विद्यार्थीहरुलाई प्राविधिक ज्ञान र सीपको विकास गर्न हामी अघि बढ्दै छौं ।” शिक्षक महतोका अनुसार, हालै विद्यार्थीहरुलाई मेसिनको प्रयोग नगरी साबुन बनाउन सिकाइएको छ, अब रोवर्ट कार बनाउने प्रक्रियाबारे सिकाइदैछ ।” उनी पहिलो चरणका विद्यार्थीलाई तालिम दिंदा टोलीको फोकल पर्सन समेत हुन् । शिक्षक महतोको अनुभवमा विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितसहितका विषयको समिश्रण गरेर विद्यार्थीलाई प्रयोगात्मक र व्यवहारिक ज्ञान दिनु उपयोगी देखिएको छ । उनी भन्छन्- “हामीले कुनै कुराहरु सुनेपछि बिर्सिन सक्छौं । तर, हेरेर वा आफैले गरेर सिकेको ज्ञान हामीले कहिल्यै बिर्सिदैनौं । हाम्रा विद्यार्थीहरुले पनि प्रयोगात्मक तरिकाले ज्ञान प्राप्त गर्न पाएका छन् ।”



> स्टिम शिक्षाको अवधारणा हाम्रो विद्यालयमा गत वैशाखदेखि मात्रै सुरूवात भएको हो, त्यसैले ल्याब बनेपछि शिक्षण सिकाइ क्रियाकलापलाई स्टिमसँग जोडेर विद्यार्थीहरूलाई प्राविधिक सीप र ज्ञानको विकास गर्न हामी अघि बढ्दै छौं ।
>
> - नवल किशोर महतो, शिक्षक



प्रयोगात्मक अभ्यासमा शिक्षक र विद्यार्थी ।
© Plan International / Nischal Shrestha

विद्यालयमा स्टिम ल्याबको स्थापनाबाट नवीनत ज्ञानको सिकाइमा सहभागी विद्यार्थीलाई मात्र होइन, शिक्षकहरुलाई पनि फाइदा पुगेको छ । विद्यालयका प्रधानाध्यापक राधाकृष्ण उप्रेतीले भने-“विभिन्न बिषयलाई एकिकृत गरी प्रयोगात्मक ज्ञान उपलब्ध गराउँदा त्यसले सबै विद्यार्थीको सिकाइमा सहभागिता  बढाएको छ भने, शिक्षकहरुले पनि  नयाँ बिषय सिक्ने र सिकाउने अवसर पाएका छन् ।” प्रधानाध्यापक उप्रेतीले स्टिम ल्याबको सही सदुपयोगले विद्यार्थीहरुलाई भविष्यको लक्ष्यप्राप्तिमा अहिलेदेखि नै अभ्यास गर्ने अवसर प्राप्त भएको उनले बताए ।

सोही विद्यालयको कक्षा १० मा अध्ययनरत सोनिका केही महिनाअघि सञ्चालित एक तालिममा सहभागी भइन् । कक्षाकोठाको नियमित पठनपाठन भन्दा फरक तरिकाबाट नयाँ ज्ञान र सीप सिकाउने तालिम उनका लागि नौलो थियो । र, त्यही तालिममा सहभागी हुन पाउँदा सोनिका निकै खुशी भएकी छन् । उनको खुशी तालिममा सिकाइएका ज्ञान र सीपले दिलाएका हुन् । सोनिकाले भनिन्- “मैले तालिममा धेरै बिषय सिक्ने मौका पाएँ, ब्लुटुथको



प्रविधिको प्रयोगबारे सिक्दै विद्यार्थी ।
© Plan International / Nischal Shrestha

**मैले तालिममा धेरै बिषय सिक्ने मौका पाएँ, ब्लुटुथको प्रयोग गरी कन्ट्रोल कार, लाइट सेन्सर, ग्याँस सेन्सर, साबुन उत्पादन जस्ता बिषयबारे हामीलाई सिकाइएको थियो ।**

**- सोनिका, विद्यार्थी**



प्रयोग गरी कन्ट्रोल कार, लाइट सेन्सर, ग्याँस सेन्सर, साबुन उत्पादन जस्ता बिषयबारे हामीलाई सिकाइएको थियो ।" तालिमबाट सिकेको ज्ञान आफूभन्दा तल्लो कक्षामा अध्ययनरत भाइबहिनीलाई समेत सिकाएको उनले बताइन् ।

सोनिका जस्तै पहिलो चरणमा १५ जना विद्यार्थी तालिममा सहभागी भएका थिए । विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित बिषय समेटिएको स्टिम शिक्षा अवधारणा अनुसार उनीहरुलाई यस प्रकारको तालिम दिइएको हो । प्लान इन्टरनेशनल नेपाल र साझेदार संस्था ह्यान्डस नेपालको सहयोगमा विद्यालयमा स्थापित स्टिम ल्याबमार्फत् तालिम पाएका विद्यार्थीहरु नयाँ सीप सिक्न पाउँदा हर्षित भएका छन् । स्टिम ल्याबबाट प्रयोगात्मक ज्ञान सिक्न पाउनेमध्ये कक्षा ९ मा अध्ययनरत अनिश पनि एक हुन् । उनले भने- "हामीलाई किताबी ज्ञानले मात्रै सबै कुरा सिक्न सहयोग गर्दैन, प्रयोगात्मक ज्ञान पनि चाहिन्छ । हाम्रो स्कूलमा स्थापना भएको ल्याबको माध्यमबाट हामीले त्यस्तै प्रयोगात्मक सीप सिक्न पाएका छौं ।"

विद्यालयमा स्टिम शिक्षा अवधारणा अनुसारको परियोजना कार्यान्वयनमा सुनकोशी गाउँपालिकासँग समेत समन्वय गरिएको छ । त्यहाँ सञ्चालित कार्यक्रमको अनुगमन र निरीक्षणमा गाउँपालिकाले सहयोग गरिरहेको छ । र, अहिले गाउँपालिकाले स्टिम शिक्षालाई अन्य विद्यालयहरुमा समेत लागू गर्ने योजना बनाएको छ । गाउँपालिकाका शिक्षा, युवा तथा





**हामीलाई किताबी ज्ञानले मात्रै सबै कुरा सिक्न सहयोग गर्दैन, प्रयोगात्मक ज्ञान पनि चाहिन्छ । हाम्रो स्कूलमा स्थापना भएको ल्याबको माध्यमबाट हामीले त्यस्तै प्रयोगात्मक सीप सिक्न पाएका छौं ।**

**- अनिश, विद्यार्थी**

खेलकुद शाखामा कार्यरत बलराम कोइरालाले भने-"विज्ञान-प्रविधिको युगमा स्टिम शिक्षा निकै महत्वपूर्ण छ । त्यसैले हामीले अन्य विद्यालयलाई पनि यो अवधारणा अवलम्बन गरी पठनपाठन गर्नका लागि प्रोत्साहित गर्दैछौं ।" केही बजेट विनियोजन गरेर विद्यार्थी र शिक्षकलाई स्टिम शिक्षाका क्रियाकलापमा सहभागी गराउने योजनामा रहेको कोइरालाले बताए ।

**विज्ञान-प्रविधिको युगमा स्टिम शिक्षा निकै महत्वपूर्ण छ । त्यसैले हामीले अन्य विद्यालयलाई पनि यो अवधारणा अवलम्बन गरी पठनपाठन गर्नका लागि प्रोत्साहित गर्दैछौं ।**

**- बलराम कोइराला**
**अधिकृत, शिक्षा, युवा तथा खेलकुद, सिन्धुली सुनकोशी गाउँपालिका**





माइक्रोस्कोप चलाउँदै विद्यार्थी ।
© Plan International / Nischal Shrestha

## स्टिम शिक्षाको अवधारणा कार्यन्वयनमा सहयोग

प्लान इन्टरनेशनल नेपालले आफ्नो कार्यक्षेत्रमा रहेका विद्यालयहरुमा स्टिम शिक्षाको अवधारणा लागू गर्न विभिन्न सहयोग गरेको छ । तीन बर्षको अवधिमा १८ वटा विद्यालयमा स्टिम शिक्षासम्वन्धि संरचना निर्माण गरिएका छन् । तीन वटा विद्यालयमा विज्ञान र गणित सम्वन्धि ल्याव स्थापना गरिएका छन् । भौतिक संरचना बाहेक विद्यालयहरुमा स्टिम शिक्षा अवधारणा लागू गर्न शिक्षक तालिम निर्देशिका नै निर्माण गरी शिक्षकहरुलाई तालिम दिइएको छ । त्यस्ता तालिमहरुबाट ८ सय ८ जना शिक्षकहरु सहभागी भई लाभान्वित भएका छन् ।

१०



# बढ्दैछन् विद्यालय फर्किने बालबालिका

धनुषाको एक विद्यालयको कक्षाकोठामा अध्ययन गर्दै विद्यार्थी ।
© Plan International / Nischal Shrestha


धनुषाको विद्यालयमा विद्यार्थीहरुलाई द्रूत सिकाइका लागि कवित्री अधिकारीले सहजीकरण गरिरहेकी छन् । कोरोना महामारीका समयमा नियमित पढ्न नपाएर सिकाइ कमजोर भएका विद्यार्थीहरुलाई सहयोग गर्न विद्यालयले कवित्रीलाई सहजकर्ताको जिम्मेवारी दिएको छ । पढाइ अवरुद्ध हुँदा विद्यार्थीमा देखिएको सिकाइ कमजोरी हटाउनु उनको मुख्य काम हो । कवित्रीले भनिन्-“पढाइ नियमित नहुँदा कतिपय विद्यार्थी विद्यालय आउनै छाडेका थिए, हामीले उनीहरुका अभिभावक र विद्यार्थी स्वयम्लाई सम्झाइबुझाइ गरी विद्यालय आउने व्यवस्था गरेका छौं ।”

प्लान इन्टरनेशनल नेपालले स्थानीय तहसँगको समन्वयमा विद्यालय बाहिर रहेका विद्यार्थीको खोजि गरिएको थियो । त्यसरी पहिचान गरिएका विद्यार्थीको सिकाइ अवस्थाको परीक्षण समेत गरियो । र, उनीहरुको सिकाइ असक्षमता हटाउन समुदाय तहमा द्रूत तथा वैकल्पिक सिकाइ कक्षा सञ्चालन गरिएका थिए । त्यसपश्चात् विद्यार्थीहरु विद्यालयमा फर्किन थालेका हुन् । विद्यालय आउन छाडेका विद्यार्थी पढाइबाट वञ्चित हुन थालेपछि उनीहरुको पढाइलाई कसरी अघि बढाउने भन्ने चिन्ता भएको भन्दै उनी भन्छिन्-“द्रूत तथा वैकल्पिक कक्षामा पढाएर विद्यार्थीको सिकाइको स्तर अनुरुप छिटो सिक्न अभिप्रेरित गरियो । यसरी सिकाइ सक्षमता बढाएर उनीहरुको उमेर अनुसारको कक्षामा भर्ना गरेपछि उनीहरुको पढाइले निरन्तरता पाएको छ ।”



द्रूत तथा वैकल्पिक कक्षामा पढाएर विद्यार्थीको सिकाइको स्तर अनुरूप छिटो सिक्न अभिप्रेरित गरियो । यसरी सिकाइ सक्षमता बढाएर उनीहरूको उमेर अनुसारको कक्षामा भर्ना गरेपछि उनीहरूको पढाइले निरन्तरता पाएको छ ।

\- कवित्री अधिकारी, सहजकर्ता



चित्र र विभिन्न शैक्षिक सामाग्री राखिएको रिडिङ्ग कर्नरमा अध्ययन गर्दै विद्यार्थी ।
© Plan International / Nischal Shrestha



**मैले ३ बर्षअघि पढाइ छाडेको थिएँ, म अब पढ्न सक्छु वा सक्दिनँ भन्ने दोधारमा थिएँ, वैकल्पिक कक्षामा सहभागी भएपछि मलाई फेरि पढ्न मन लागेको हो ।**

**- आरती, विद्यार्थी**

रामप्रसाद माविको कक्षा ६ मा अध्ययनरत आरतीकुमारी सादाले भनिन्-"मैले ३ बर्षअघि पढाइ छाडेको थिएँ, म अब पढ्न सक्छु वा सक्दिनँ भन्ने दोधारँमा थिएँ, वैकल्पिक कक्षामा सहभागी भएपछि मलाई फेरि पढ्न मन लागेको हो ।" पढाइ नछाड्ने वाचा गर्दै आरतीकुमारीले भनिन्-"अब म विद्यालय आउन छाड्दिन, नियमित रुपमा आएपछि पढाइलाई निरन्तरता दिन सक्छु भन्ने लागेको छ ।"

सोही विद्यालयमा कक्षा-५ मा अध्ययनरत अभिनाश ठाकुरले पनि पढाइ छाडेका थिए, उनलाई विद्यालय आउन नै मन लाग्दैन थियो । अहिले भने उनी नियमित विद्यालय आउन थालेका छन् । अभिनाशले भने-"सर मिसले मलाई स्कूल आउन आग्रह गरेपछि अहिले फेरि पढाइमा ध्यान दिएको छु ।"

**सर मिसले मलाई स्कूल आउन आग्रह गरेपछि अहिले फेरि पढाइमा ध्यान दिएको छु ।**

**- अभिनाश, विद्यार्थी**



आर्थिक अवस्था र घरायसी समस्याले बालबालिकाले पढाइ छाड्ने क्रम बढेको थियो । त्यसपछि विद्यालयमा सिकाइ आपूरणको योजना लागू गर्दै उपचारात्मक कक्षा संचालन गर्दै शैक्षिक वातावरणमा सुधार गरेपछि विद्यार्थीको संख्या बढेको छ । सहजकर्ता अधिकारीले भनिन्-"अहिले झन्डै एक हजार विद्यार्थी हाम्रो स्कूलमा छन्, विद्यालयबाहिर रहेका विद्यार्थी आउन थालेपछि संख्या बढेको हो, यसका लागि अभिभावकको पनि साथ मिलेको छ ।"



**अहिले छोरी ८ कक्षामा पुगेको छ, अब उसले जति पढ्न चाहन्छ, उसलाई सहयोग गर्छु, छोरी पढे को देख्दा राम्रो लाग्छ, मन पनि खुशी छ ।**

**- सोनितादेवी शर्मा, अभिभावक**

आफ्ना बालबालिकाको पढाइलाई निरन्तरता दिन अभिभावकहरु राजी भएका छन् । विद्यालयको आग्रहपछि उनीहरुले पढाइ छाडेका बालबालिकालाई पुनः पठाउन थालेका हुन् । एक जना अभिभावक सोनितादेवी शर्माले भनिन्-"मेरी छोरीले पढ्न छाडेकी थिइन्, विरामी भएपछि कक्षा ५ मा पढिरहँदा विद्यालय जान उनले मानिनन्, सरहरु आएर आग्रह गरेपछि उसलाई पुनः विद्यालय पठाएको छु ।" छोरी स्कूल जान थालेपछि खुशी लागेको बताउँदै उनी भन्छिन्-"अहिले छोरी ८ कक्षामा पुगेको छ, अब उसले जति पढ्न चाहन्छ, उसलाई सहयोग गर्छु, छोरी पढेको देख्दा राम्रो लाग्छ, मन पनि खुशी छ ।"

विद्यालय जाने उमेरका थुप्रै विद्यार्थी शिक्षाबाट वञ्चित भएपछि प्लान इन्टरनेशनल नेपालले स्थानीय तह र विद्यालयसँगको सहकार्यमा उनीहरुलाई कक्षाकोठामा फर्काउने अभियान सञ्चालन गरिएको विद्यालयमध्ये रामप्रसाद मावि पनि एक हो ।





कक्षाकोठामा पढ्दै एक छात्रा ।
© Plan International / Nischal Shrestha

मुसहर, चमार, दुसाध, मुस्लिम समुदायको बाहुल्यता रहेको क्षेत्रमा सञ्चालित कार्यक्रमका क्रममा विद्यालय भर्ना भएका विद्यार्थीको सिकाइ आपूरणका लागि समेत सहयोग गरिएको थियो ।

रामप्रसाद मावि जस्तै धनुषाको विदेह नगरपालिका-९ स्थित शिवशंकर जनता माध्यमिक विद्यालयमा पनि पढाइ छाडेका बालबालिकालाई विद्यमलयमा फर्काउने प्रयास गरिएको थियो । विद्यालयका प्रधानाध्यापक कृष्णदेव यादवले भने-"यो बर्षमा मात्र ८० जना दलित समुदायका विद्यार्थी भर्ना भएका छन्, यसअघि उनीहरु विभिन्न कारणले पढ्न छाडेका थिए ।"

## विद्यार्थीलाई विद्यालयमा भर्ना, पूनःभर्ना गर्न प्लान इन्टरनेशनल नेपालको सहयोग

प्लान इन्टरनेशनल नेपालले विद्यालयबाट बाहिर रहेका बालबालिकाको पहिचान र खोजी गर्नेकार्यमा सम्बन्धित विद्यालय र स्थानीय तहसँग सहकार्य तथा सहयोग गरेको छ । विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान पश्चात् उनीहरुको सिकाइ क्षमता मापन गरी द्रूत गतिमा उनीहरुको सिकाइ आपूरण गर्ने उद्धेश्य अनुरुप उनीहरुलाई लक्षित गरी द्रूत सिकाइ कक्षा सञ्चालनमा पनि संस्थाले सहयोग पुऱ्याएको हो । बीचैमा विद्यालय छाडेका गरिव तथा विपन्न परिवारका बालबालिकालाई उमेर सुहाउँदो कक्षामा पुनः भर्ना गर्दा आवश्यक पर्ने शैक्षिक सामाग्री र विद्यालय पोशाक समेत संस्थाले सहयोग गरेको छ ।

समग्रमा वितेका तीनवर्षको तथ्याङ्कलाई हेर्ने हो भने प्लान इन्टरनेशनल नेपालको सहयोगमा १ हजार ६ सय २८ जना विद्यालय उमेर समूहका बालबालिका विद्यालयबाहिर पहिचान भएका छन् । संस्थाकै सहयोगमा द्रूत कक्षामा सहभागी भई १ हजार ६ सय जना बालबालिका पुनः विद्यालय भर्ना गराइएका छन् । उनीहरु भर्ना हुने क्रममा विद्यालय पोशाक र शैक्षिक सामाग्रीमा गरिएको सहयोगले ती बालबालिकाको पढाइलाई निरन्तरता दिन हौसला मिलेको छ ।

प्लान इन्टरनेशनल नेपाल
राष्ट्रिय कार्यालय
मैत्री मार्ग, बखुन्डोल, वडा नम्बर ३, ललितपुर
पो. बक्स : ८९८०, काठमाडौं नेपाल
फोनः ९७७-१-५५३५५८०/५५३५५६०
www.plan–international.org/nepal

हामीसंग जोड्नुहोस्:
facebook.com/PlaninNepal
@plannepal
youtube.com/Plannepal
plan_nepal
plan-international.org/nepal



प्रारम्भिक बाल विकास कक्षामा विद्यार्थीलाई पढाउँदै एक शिक्षक ।
© Plan International / Nischal Shrestha